म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ९२ मंगलबार २७ कात्तिक २०८१ ने. सं. ११४५ कछलाथ्व 12 Noveber 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बजार प्रदर्शनी दुईदिने मेलाको तयारी

हेटौँडा, २६ कात्तिक/हेटौँडामा बजार प्रदर्शनी दुइदिने मेला हुने भएको छ । कात्तिक २९ र ३० गते सामुदायिक वन उपभोक्ता समूह र साना तथा मझौला उद्योग बजार प्रदर्शनी मेला हुने भएको हो । वन समुदाय साथै घरेलु उत्पादनलाई सशक्त बनाउन र दिगो आर्थिक विकासलाई प्रवर्द्धन गर्ने उद्देश्यले संयुक्त राष्ट्र विकास कार्यक्रम र एलोई प्रालिको साझेदारीमा मेला आयोजना गर्न लागिएको हो । मेलामा २५ वटा स्टल रहने र ती सबै स्टलहरु बुकिङ भइसकेको प्रालिका सञ्चालन प्रवन्धक मलिना महर्जनले जानकारी दिए ।

उनका अनुसार, मेलामा स्टल राख्ने र अवलोकनकर्तालाई नि:शुल्क व्यवस्था गरिएको छ । हस्तकला सामग्री, स्थानीय उत्पादन, खाद्य स्टल र विभिन्न कृषिसम्बन्धी उत्पादन, डेरी उत्पादन र उपकरणहरु प्रदर्शनीका लागि राखिने जनाइएको छ ।

# बागमतीमा १४ वटा मन्त्रालय पुर्‍याइँदै, पर्यटन फुटाउने तयारी




साझाकुरा संवाददाता

हेटौंडा, २६ कात्तिक/ बागमती प्रदेश सरकार गठन भएको साढे तीन महिनापछि मुख्यमन्त्री बहादुरसिंह लामाले मन्त्रालय विभाजनको तयारी गरेका छन् ।

९ साउनमा मुख्यमन्त्री लामासँगै नियुक्ति र सपथ लिएका विनाविभागीय मन्त्री मदुकुमार श्रेष्ठलाई जिम्मेवारी दिन मन्त्रालय फुटाउने तयारी गरिएको हो । ८ साउनमा मुख्यमन्त्री नियुक्त भएका लामाले त्यसको भोलिपल्ट नेकपा एमालेबाट ६ जनालाई मन्त्रालय जिम्मेवारीसहित र कांग्रेसका श्रेष्ठसहित ३ जनालाई विनाविभागीय मन्त्री नियुक्त गरेका थिए । बागमतीमा हाल १३ मन्त्रालय १४ जना मन्त्री छन् । अब १४ वटा मन्त्रालय पुग्ने भएको छ ।

कांग्रेसबाट मुख्यमन्त्रीसहित ८ र एमालेका ६ जना मन्त्री छन् । हाल बागमतीमा मुख्यमन्त्री कार्यालयसहित आन्तरिक मामिला तथा कानुन, आर्थिक मामिला तथा योजना, कृषि तथा पशुपन्छी, खानेपानी, उर्जा तथा सिँचाइ, भौतिक पूर्वाधार, वन तथा वातावरण, श्रम, रोजगार तथा यातायात, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन, संस्कृति, पर्यटन तथा सहकारी, सामाजिक विकास, स्वास्थ्य र युवा तथा खेलकुद मन्त्रालय छन् ।

कांग्रेसबाट श्रेष्ठसँगै नियुक्त भएका कुन्दनराज काफ्ले आर्थिक मामिला तथा योजनामन्त्री र श्याम खड्का खानेपानी, उर्जा तथा सिचाईंमन्त्री भए । श्रेष्ठ भने विगत साढे तीन महिनादेखि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको एउटा कोठामा बस्दै आएका छन् । श्रेष्ठलाई आगामी मन्त्रिपरिषद् बैठकबाट मन्त्रालय जिम्मेवारी दिने सम्बन्धमा निर्णय हुने सरकारका प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछोनले जानकारी दिए ।

मुख्यमन्त्री लामा निकट स्रोतकाअनुसार कांग्रेसका बिमल ठकुरीले नेतृत्व गरिरहेको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय फुटाइने भएको छ । सहकारीमा अर्को कुनै विभाग जोडेर नयाँ मन्त्रालय गठन गर्ने तयारीका सम्बन्धमा सत्तासाझेदार दल कांग्रेस र एमालेबीच सहमति भइसकेको स्रोतले जानकारी दिएको छ । 'पर्यटनलाई फुटाएर सहकारी मन्त्रालय बनाउन लागिएको हो । सहकारीमा अर्को कुनै विभाग जोड्ने कुरा भइरहेको छ । सहकारीमा स्थानीय विकास जोड्ने की ? भन्ने विषयमा छलफल भइरहेको हो । यही हप्ताभित्र मन्त्रालय विभाजन भएर श्रेष्ठले जिम्मेवारी पाइसक्नुहुन्छ ।' मुख्यमन्त्री निकट स्रोतले भन्यो ।

कांग्रेसले भौतिक पूर्वाधार विकास मन्त्रालय फुटाएर सहरी विकास मन्त्रालय गठन गर्नुपर्ने प्रस्ताव एमालेले अस्वीकार गरेपछि पर्यटनलाई विभाजन गर्ने निचोडमा मुख्यमन्त्री लामा पुगेका हुन् । भौतिक मन्त्रालयमा एमालेबाट अमनकुमार मास्के मन्त्री छन् । 'भौतिक फुटाउन एमालेले मानेन । त्यसैले मुख्यमन्त्रीज्यू आफ्नै भागको मन्त्रालय विभाजन गर्नेमा पुग्नुभएको हो, एमाले पनि यसमा सहमत छ,' लामा निकट स्रोतले भन्यो ।

नेकपा एमाले बागमती प्रदेशका प्रमुखसचेतक मधुसुदन पौडेल मन्त्रालय विभाजन गर्ने विषयमा छलफल भइरहेको बताउँछन् । कांग्रेसले धेरै मन्त्री नियुक्त गर्दा मन्त्रालय फुटाउनुपर्ने बाध्यता आइपरेको उनले बताए । 'यो कांग्रेसभित्रको समस्याले भएको हो । मन्त्री नियुक्त गर्दा ध्यान दिइएन । मन्त्रालय फुटाउने विषय राम्रो थिएन' उनले भने ।

गत साउनमा सरकार गठनका बेला कांग्रेस र एमालेबीच मुख्यमन्त्रीसहित ७ कांग्रेसलाई र ६ एमालेलाई मन्त्रालय भागबण्डा लागेको थियो । लामाले पार्टीभित्रको आन्तरिक संघर्षका कारण थप एकजना मन्त्री नियुक्त गरेका थिए । कांग्रेसभित्रको आन्तरिक द्वन्द्वले आर्थिक मामिलामन्त्री नियुक्त भइसकेका प्रभात तामाङलाई सपथ अगाडि नै हटाएर अर्कालाई सोही मन्त्रालय दिनुपर्ने अवस्थासम्म लामा पुगेका थिए ।

बागमतीमा प्रदेशको अघिल्लो कार्यकालबाटै मन्त्रालय फुटाउने क्रम चलिरहेको छ । भदौ ०७८ मा मुख्यमन्त्री बनेकी अष्टलक्ष्मी शाक्यले सामाजिक विमास मन्त्रालय फुटाएर स्वास्थ्य मन्त्रालय बनाउँदै मन्त्रालय संख्या ८ वटा बनाएकी थिइन् । शाक्य दुई महिनामै सत्ताच्यूत भएपछि ११ कात्तिक ०७८ मा मुख्यमन्त्री बनेका नेकपा (एकीकृत समाजवादी)का राजेन्द्र पाण्डेले गठबन्धन सरकारमा भागबण्डा पुऱ्याउन १४ वटा मन्त्रालय बनाए ।

पाण्डेको कार्यकालमा मन्त्रिपरिषदमा १४ जना मन्त्री र ४ जना राज्यमन्त्री थिए । प्रदेशको दोस्रो कार्यकालका पहिलो अर्थात निवर्तमान मुख्यमन्त्री शालिकराम जम्कट्टेलले मंसिर ०७९ मा १४ वटा ११ वटामा झारेका थिए । तीन पटकसम्म सरकार परिवर्तन गरेका जम्कट्टेलले सत्ता टिकाउनकै लागि ११ बाट फेरि १३ वटा मन्त्रालय पुऱ्याए । जम्कट्टेलले राज्यमन्त्री भने बनाएनन् । पाण्डे र जम्कट्टेललाई सरकार बनाउन साना दलसमेत जोडेर धेरै दलको समर्थनमा बहुमत पुऱ्याउनुपर्ने अवस्था थियो ।

सरकार बनाउन अन्य साना दलहरुको सहयोग आवश्यक नभएका कांग्रेस र एमालेले थप एउटा मन्त्रालय फुटाउने तयारी गरिरहेका हुन् । बागमती प्रदेशमा ७ वटा भन्दा धेरै मन्त्रालय नै आवश्यक नरहेको प्रशासन क्षेत्रका जानकारहरु बताउँछन् ।

# बाढीपहिरो क्षतिबाट मकवानपुरमा १ अर्ब ९ करोडको बीमा दाबी



साझाकुरा संवाददाता

हेटौंडा, २६ कात्तिक/ गत असोज दोस्रो साताको बाढी पहिरोबाट मकवानपुरमा भएको क्षतिमा १ अर्ब ९ करोडभन्दा बढीको बीमा मागदाबी गरिएको छ ।

नेपाल बीमा प्राधिकरणका अनुसार २१ कात्तिकसम्म मकवानपुरमा ३२ वटा दाबी संख्याबाट कुल १ अर्ब ९ करोड २३ लाख रुपैयाँ बराबर मागदाबी परेको हो । मकवानपुरको इन्द्रसरोबर गाउँपालिकामा बाढीपहिरोले बढी क्षति गरेको थियो । जिल्लाको थाहा नगरपालिका, भीमफेदी, बकैया, मकवानपुरगढी गाउँपालिकामा धेरै क्षति पुगेको जिल्ला प्रशासन कार्यालय मकवानपुरको क्षति मूल्यांकनमा छ । मकवानपुरमा असोज १०-१२ गतेभित्र ७ जनाको मृत्यु, सयौं घर टहरासहित माण्डु हाइड्रो पावर क्षति भएको थियो ।

यसैगरी, देशभर साढे १० अर्ब रुपैयाँभन्दा बढीको बीमा मागदाबी गरिएको प्राधिकरणले जानकारी दिएको छ । प्राधिकरणका अनुसार २१ कात्तिकसम्म ३ हजार ४ सय ६० वटा दाबी संख्याबाट कुल १० अर्ब ५३ करोड २८ लाख रुपैयाँ बराबर मागदाबी परेको हो । बाढीपहिरोपछि १५ असोजमा मुख्यसचिव एकनारायण अर्यालले पत्रकार सम्मेलन गर्दै १७ अर्ब रुपैयाँभन्दा बढीको क्षति पुगेको प्रारम्भिक अनुमान रहेको बताएका थिए ।

बाढीपहिरोको डेढ महिना हुन लाग्दा पनि क्षतिको यकिन विवरण सरकारले सार्वजनिक गरेको छैन । सडक लगायत भौतिक संरचना साथै व्यक्तिगत सम्पत्तिमा ठूलो क्षति पुगेको छ । बागमती प्रदेशको मकवानपुरसहित जिल्लामा बढी क्षति पुगेको थियो । दक्षिणी ललितपुर र उपत्यकामा नै नख्खु खोलाले ललितपुरमा ठूलो क्षति पुऱ्याएको थियो । काभ्रेपलाञ्चोकमा रोशी खोलाको आधारक्षेत्र पनौती नगरपालिका र बेथानचोक गाउँपालिकामा भौतिक संरचना र कृषि तथा पशुचौपायामा ठूलो क्षति पुग्यो ।

काठमाडौं र भक्तपुरका बागमती तथा त्यसका सहायक नदीका करिडोर र आसपास क्षेत्रमा डुबानका कारण त्यस क्षेत्रमा सञ्चालन भएका व्यापार-व्यवसायमा क्षति पुगेको थियो । बीमा कम्पनीमा परेको मागदाबी विवरणले पनि १० देखि १२ असोजसम्मको भारी वर्षापछिको बाढी-पहिरोका कारण ठूलो क्षति पुगेको देखाउँछ ।

बीमा माग दाबीको तथ्यांक हेर्दा सबैभन्दा धेरै क्षति काठमाडौंमा भएको छ । त्यसपछि ललितपुर, मकवानपुर, काभ्रेपलाञ्चोक र भक्तपुरमा क्षति पुगेको छ । काठमाडौंमा मात्रै ४ अर्ब ४८ करोड ५६ लाख ७६ हजार रुपैयाँको मागदाबी परेको बीमा प्राधिकरणको तथ्यांक छ । १ हजार ८ सय ५४ वटा दाबीमार्फत उक्त रकम मागदाबी भएको हो । यस्तै ललितपुरमा ६ सय ७७ दाबीमार्फत २ अर्ब ४२ करोड ४३ लाख रुपैयाँको मागदाबी परेको छ ।

मकवानपुरमा ३२ दाबीमार्फत १ अर्ब ९ करोड, चितवन ४६ दाबीमार्फत ६४ करोड ४६ लाख, भक्तपुर १ सय ३८ दाबीमार्फत ४७ करोड ७१ लाख र काभ्रेपलाञ्चोकमा १ सय ८७ दाबीमार्फत ३० करोड ९२ लाख रुपैयाँको मागदाबी परेको छ । सबैभन्दा धेरै मागदाबी सम्पत्ति बीमामा देखिएको छ । तर, सरकारी आँकडा अनुसार ६ अर्बभन्दा धेरैको क्षति भएको कृषिक्षेत्रमा बीमाको मागदाबी भने न्यून देखिएको छ ।

यसैगरी, कुल मागदाबीमा २० कात्तिकसम्म ६ सय ३७ को ४७ करोड १५ लाख ५८ हजार रुपैयाँ दाबी भुक्तानी भएको छ । नेपाल बीमक संघका महासचिव अशोक खड्का बीमा कम्पनीले दाबी भुक्तानीका लागि आवश्यक कागजातमा सहजीकरण गर्दा समेत मागदाबी गर्नेले आवश्यक कागजात पेस गर्न ढिलाइ गर्दा दाबी भुक्तानीमा समेत ढिलाइ भएको बताउँछन् । साढे १० अर्बको मागदाबी भए पनि बीमा सर्भेयरले गएर क्षतिको यकिन विवरण दिँदा त्यसको एक चौथाई पनि नदेखिने उनले बताए ।

# चैनपुर जेसीज मनहरीको सप्ताह सुरु



साझाकुरा संवाददाता

हेटौंडा, २६ कात्तिक/ चैनपुर जेसीज मनहरीको वर्ष सन् २०२४ को जेसीज सप्ताह सुरु भएको छ । सोमबार मनहरी-७ मनहरी बजारमा रक्तदान कार्यक्रमको आयोजना गर्दै जेसीज सप्ताह सुरु गरेको हो ।

मनहरी-४ मसिनेमा जिल्लास्तरीय नकाउट फुटबल प्रतियोगिता समेत आयोजना गरिरहेको जेसीजले सोमबारबाट आफ्नो सप्ताहव्यापी कार्यक्रम सुरु गरेको हो । कार्यक्रममा २५ जनाले रक्तदान गरेका छन् । कार्यक्रम संयोजक अविनाश मल्लको संयोजकत्व एवम् जेसीजका अध्यक्ष रविन ढकालको अध्यक्षतामा भएको कार्यक्रममा मनहरी गाउँपालिका ७ नम्बर वडाअध्यक्ष ठाकुरराम तितुङको प्रमुख आतिथ्यता रहेको थियो ।

पछिल्लो समय स्थापना भएको जेसीजले मकवानपुरको पश्चिमीभेगमा राम्रो काम गरिरहेको भन्दै वडाध्यक्ष तितुङले जेसीजको प्रशंसा गरे । कार्यक्रममा चैनपुर जेसीज मनहरीका संस्थापक अध्यक्ष गणेशदर्पण अधिकारी, सल्लाहकारद्वय ज्योतिराज लुइँटेल र बिदुर थापा, रेडक्रस सोसाइटी मनहरी उपशाखा कोषाध्यक्ष शिवकुमार काशी, उद्योग वाणिज्य संघ मनहरीका निवर्तमान अध्यक्ष नारायण सुवेदी, कुखुरा व्यवसायी संघ मकवानपुर उपाध्यक्ष गोविन्द सापकोटालगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा जेसीज सप्ताहका मुल कार्यक्रम संयोजक कार्यकारिणी उपाध्यक्ष सुरेश गौतमले जेसीज सप्ताहको विषयमा प्रष्ट पारेका थिए ।

जेसीज सप्ताह अन्तर्गत मंगलबार प्रगति प्रावि लोथरमा स्टेशनरी सामग्री वितरण, बुधबार स्लो मोटरसाइकल रेस प्रतियोगिता, विहीबार महेन्द्रज्योति मावि हाँडीखोलामा लागूपदार्थ दुर्व्यसनसम्बन्धी सचेतना कार्यक्रम, शुक्रबार 'समाजका लागि युवा' विषकयमा बालज्योति मावि मनहरी-१ मा वक्तृत्वकला र शनिबार हाँडीखोलाको लामिटारदेखि गोलघर सम्म जेसीज दौड प्रतियोगिता हुनेछ ।

# थाहाको २ नम्बर वडाले जित्यो भलिबल उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, २६ कात्तिक/ मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगरपालिकाको २ नम्बर वडाले थाहा-कैलाश पालिकास्तरीय अन्तरवडा भलिबल प्रतियोगिताको उपाधि जितेको छ ।




२ नम्बर वडाको भलिबल टिमले आयोजक सल्ले राम्चे युवा क्लब 'ए' लाई १५-२५, २५-२१, २१-२५, २५-२२ र १५-९ को सेटमा पराजित गरेको हो । थाहा-२ ले नगद ५१ हजार १ सय ५१ रुपैयाँ नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र पाएको छ । द्वितीय हुने आयोजक सल्ले राम्चे युवा क्लबले ३१ हजार १ सय ३१ रुपैयाँ पुरस्कारमा चित्त बुझायो । प्रतियोगितामा थाहाको ५ नम्बर वडा तृतीय भएको छ ।

५ नम्बर वडाले १३ हजार १ सय १३ रुपैयाँ नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको प्रतियोगिता संयोजक सुजिन्द्र गोलेले जानकारी दिए । थाहा-५ ले सशक्त रातो थाहा-७ लाई २५-२०, २५-२३, २२-२५ र २५-२२ को अन्तरले पराजित गर्दै तृतीय स्थान लिन सफल भएको हो । प्रतियोगितामा आयोजक सल्ले राम्चे युवा क्लब 'बी'का प्रतीक वाइबा उदीयमान खेलाडी घोषित भए ।

थाहा-५ का पुजन गुरुङ वेस्ट सर्भर, आयोजक सल्ले राम्चे युवा क्लब 'ए' का अनिल मोक्तान वेष्ट डिफेन्डर, थाहा-२ का प्रवेश कार्की वेस्ट ब्लकर, थाहा-२ कै सागर तामाङ वेस्ट सेटर घोषित भए । त्यस्तै आयोजक 'ए'का रमेश थिङ वेस्ट स्पाइकर र थाहा-२ का सुजल कार्की उत्कृष्ट खेलाडी घोषित भए । विधागत उत्कृष्ट खेलाडीले पनि नगद तथा ट्रफी पुरस्कार पाएका छन् ।

थाहा नगरपालिका नगर प्रमुख विष्णुबहादुर विष्ट, उपप्रमुख भरत गोपाली तथा प्रमुख प्रशासकीयअधिकृत कृष्ण गिरी लगायत अतिथिले पुरस्कार तथा प्रमाणपत्र वितरण गरेका थिए । सल्ले राम्चे युवा क्लबको आयोजनामा भएको प्रतियोगिताको सहआयोजक हिमशिखर बचत तथा ऋण सहकारी संस्था थाहा-७ डाँडाबास रहेको थियो । थाहा नगरपालिका वडा नम्बर ७ मुख्य सहयोगी रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्यास रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# लाचार सरकार, निरिह बाढीपीडित

कुर्सी कसरी जोगाउने ? भनेर सोच्दा सोच्दै नागरिकका समस्यामा समय दिन नसकेको सत्ता संचालक र त्रिपालमुनी बसेको बाढीपीडितको कथा भनेर साध्यै छैन । सत्तामा बसेकालाई सत्ता जोगाउने ध्याउन्न र सत्ता भन्दा बाहिर रहेकालाई सरकार कसरी ढाल्ने भन्ने ध्याउन्नमा जनताको बिचल्ली भएको छ । बाढीपहिरोका कारण मृत्यु भएका र आवासविहीन बन्न पुगेका विपद् पीडितलाई कबुल गरिएको राहत रकम नदिएपछि बागमती प्रदेश सरकारलाई ध्यानाकर्षण गराइने भएको छ । असोज १० देखि १२ गतेसम्म आएको बाढीपहिरोबाट बागमती प्रदेशको काभ्रे, मकवानपुर, काठमाडौं, ललितपुर, सिन्धुली, रामेछाप जिल्लामा सबैभन्दा बढी जनधनको क्षति पुगेको थियो । १४ असोजमा ललितपुरस्थित प्रदेश सुशासन केन्द्रमा मुख्यमन्त्री बहादुरसिं लामाको अध्यक्षतामा बसेको सर्वदलीय बैठकले विपदमा परी मृत्यु भएकाको परिवारलाई जनही २ लाख र आवासविहीनलाई अस्थायी आवास निर्माण गर्न तत्काल जनही १ लाख रुपैयाँ दिने निर्णय गरेको थियो । तत्काल राहत उपलब्ध गराउने निर्णय गरेको डेढ महिना बितिसक्दा पनि कबुल गरिएको पूरा राहत र कम उपलब्ध नगराइएको भन्दै आइतबार प्रदेश सुशासन केन्द्रमा बसेको सर्वदलीय कार्यदलको बैठकले सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेको हो ।

हाम्रो समाजमा सबैभन्दा ठूलो समस्या नै निर्वाचनको समयमा गर्नुपर्ने खर्च उठाउने बाध्यता हो । यही बाध्यताले गर्दा नेताले जनता बिर्सनै पर्ने भएको हो । चुनावको समयमा करोडौं रुपैयाँ खर्च गरेर चुनाव जितेपछि त्यो खर्च भएको रकम उठाउनका लागि पहिलो प्राथमिकता हनु जनताले अचम्म नमान्दा हुन्छ । सर्वदलीय बैठकमा सरकारले गत साउनमै गठन गरेको सत्तारुढ कार्यदलका संयोजक कांग्रेस संसदलीय दलका उपनेता रामकृष्ण चित्रकार, कांग्रेस मुख्यसचतेक गोविन्द लम्साल, एमालेका प्रमुखसचेतक मधुसुदन पौडेल, माओवादी केन्द्रका प्रमुख सचेतक रत्नप्रसाद ढकाल, राप्रपाकी सचेतक कुमारी तामाङ, नेकपा एकीकृत समाजवादीका सांसद बसन्त मानन्धर र हाम्रो नेपाली पार्टीका नेता शैलेन्द्रमान बज्राचार्य थिए । बागमती प्रदेशसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुको सर्वदलीय बैठकले चालू आर्थिक वर्ष २०८१/८२ मा सांसदका योजनामा अपुग बजेट थप गर्ने विषयमा थप अध्ययन गर्ने र बाढीपहिरो पीडितलाई पूर्वसहमतिअनुसार राहत रकम तत्काल उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराउने निर्णय भएको सर्वदलीय कार्यदलका संयोजक तथा कांग्रेस उपनेता चित्रकारले जानकारी दिए । हालसम्म प्रदेश सरकारले मृतक परिवारलाई १ लाख रुपैयाँ मात्रै उपलब्ध गराएको प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले बताएको छ । प्रदेश सरकारले अस्थायी आवास निर्माणका लागि १ लाख रुपैयाँ दिने निर्णय कार्यान्वयन गरेको छैन । पीडित जनता चिसोमा कष्टपूर्ण जीवन बिताइरहेका छन् । अस्थायी आवास बनाउन दिने भनिएको पैसा नै गएन ।

मृतक परिवारले पनि पूरा राहत पाएनन् भन्ने समस्यालाई सरकारको प्राथमिकताले देखेको छैन । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय स्रोतले अस्थायी आवास निर्माणका लागि प्रदेश सरकारले रकम उपलब्ध नगराएको पुष्टि गरिएको छ । पैसा किन पठाइएन त्यो चाहिँ थाहा छैन । तर, मृतक परिवारलाई हालसम्म १ लाख रुपैयाँ मात्रै गएको छ । अस्थायी आवास बनाउन पैसा गएको छैन । सायद बजेट नभएर वा अन्य कुनै समस्याले हो कि ? स्रोतले भनेको छ । यस्तै, बागमती प्रदेशसभाका दलहरुबीच विपक्षी दलका सांसदहरुको योजनामा बजेट थप गर्ने ६ असोजको सहमति कार्यान्वयनका लागि थप अध्ययन गरिने पनि सर्वदलीय बैठकले निर्णय गरेको छ । आर्थिक वर्ष २०८१/८२ को विभिन्न विषयगत मन्त्रालयमा माननीयहरुका योजना छुटेका र रकम अपुग भएको सन्दर्भमा दलहरु बीचको एउटा कार्यदल बनाई पेश भएका योजनाको अध्ययन गरी रकम थप गर्न कात्तिक दोस्रो सातासम्ममा सरकारलाई सुझावसहित सिफारिस साथै अधुरा योजना सम्पन्न गर्न आवश्यक योजना बनाई अगाडि बढ्ने निर्णय गरिएको सर्वदलीय बैठकको निर्णयमा भनिएको थियो । चालू आवमा प्रदेश सरकारले प्रत्यक्ष निर्वाचित सांसदलाई ३ करोड र समानुपातिक सांसदलाई १ करोड सिलिङ तोकेको थियो । बजेट अपुग भएको भन्दै माओवादी, राप्रपा र एकीकृत समाजवादीले ६ असोजको प्रदेशसभा बैठक अवरोधको तयारी गरेपछि सरकारले विपक्षी दलसँग बजेट थप्ने सहमति गरेको हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ कात्तिक २८ गते बुधबार १३ नोभेम्बर २०२४ । द्वादशी, कात्तिक शुक्लपक्ष । कछलाथ्व ११४५ ने.सं. । सूर्योदय ६:२४, सूर्यास्त ५:१० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सञ्चित धन खर्च हुनेछ | **तुला** | : सहमतिका कार्यहरु हुनेछन् |
| **वृष** | : आफन्तले कुरा काट्नेछन् | **वृश्चिक** | : नयाँ कार्य सम्पन्न हुनेछ |
| **मिथुन** | : आत्मविश्वास बढ्नेछ | **धनु** | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ |
| **कर्कट** | : आफन्तको सहयोग मिल्नेछ | **मकर** | : सन्तानबाट सन्तोष मिल्नेछ |
| **सिंह** | : मान, प्रतिष्ठा बढ्नेछ | **कुम्भ** | : विवाद पर्न सक्नेछ |
| **कन्या** | : कार्यमा सफलता मिल्नेछ | **मीन** | : दाम्पत्य सुख मिल्नेछ |

# कमला ह्यारिसले जिताएको फेमिनिजम बहस



✍ निमा काफ्ले

आजको कर्पोरेट संसार र व्यापारिक समुदायमा चर्चामा रहने शब्द हो, अल्फा लेडी । जसको अर्थ हो- एक बलियो, आत्मनिर्भर र प्रभावशाली महिला नेतृत्वकर्ता । प्राय: व्यापारिक र कर्पोरेट क्षेत्रमा मात्रै प्रयोग हुँदै आएको यो शब्द हालै अमेरिकाको राजनीतिक परिप्रेक्ष्यमा पनि चर्चामा आएको छ । ४७औं अमेरिकी राष्ट्रपति निर्वाचनमा पराजित उम्मेदवार कमला ह्यारिसको नेतृत्वको शैली र व्यक्तित्वलाई वर्णन गर्न यो शब्द निकै प्रयोग भयो । अमेरिकी राजनीतिक इतिहासमा पहिलो महिला उपराष्ट्रपति बनेकी ह्यारिसका संघर्ष र प्रेरणादायक यात्रा संसारभरिका महिलाहरूका लागि एक शक्तिशाली प्रेरणा बन्न पुगेको छ ।

कमलाको अल्फा लेडी इमेज केवल एक बलियो र आत्मनिर्भर महिलाको प्रतीक मात्र होइन, समाजलाई अघि बढाउने मार्गदर्शन र साहसको 'एनेक्डट्स' पनि बनेको छ । उनको नेतृत्व, समर्पण र दृढताले महिलालाई समाजमा आफ्नो स्थान पहिचान गर्न र शक्तिशाली स्रोतको रूपमा प्रस्तुत हुन प्रेरित गरेको छ । यही कारणले, राष्ट्रपति निर्वाचनमा पराजित भएपछि, हार्वर्ड विश्वविद्यालयमा नतिजा स्वीकार गर्दै उनले सधैं न्याय र समानताको पक्षमा उभिने दृढ संकल्प व्यक्त गरिन्, जुन उनको व्यक्तित्वको राम्रो उदाहरण हो ।

अलिकति चर्चा गरौं, कमला ह्यारिसको २०२४ को राष्ट्रपति उम्मेदवारीबाट । यो सजिलो थिएन । अमेरिकी अर्थतन्त्रको धर्मराएको अवस्था, जो बाइडेनको खस्किरहेको राजनीतिक छवि र डोनाल्ड ट्रम्पको नारी विरोधी, पुरुषप्रधान सोचले कमलालाई एक शक्तिशाली र समर्पित नेता बन्नुपर्ने चुनौती थियो । यस चुनौतीपूर्ण परिस्थितिमा, उनले आफूलाई मात्र एक महिला उम्मेदवारको रूपमा नभई परिवर्तनकारी नेताका रूपमा प्रस्तुत गर्नुपर्ने थियो । ह्यारिस, जब राष्ट्रपति उम्मेदवार बन्ने घोषणा गरिन्, उनले महिला र लिङ्गका आधारमा असंख्य आक्रमणहरूको सामना गर्न बाध्य भइन् ।

डेमोक्र्याटिक पार्टीमा उनलाई एक 'ड्यामेज कन्ट्रोल' को रूपमा हेरिएको थियो, जसको कारण उनले तत्कालीन रूपमा धेरै दबाब र संघर्षको सामना गर्नु परेको थियो । ह्यारिसको उम्मेदवारीले एक ठूलो आन्दोलनको रूप लिइरहेको थियो जसले अमेरिकी राजनीतिको संरचनात्मक असमानतासँग जुध्दै महिलाहरूका लागि समान अधिकार र अवसरको पक्षमा आवाज उठाउनु थियो । जुन अवस्थामा उनी उम्मेदवार बनिन् र जे-जस्तो चुनौती सामना गरिन्, कमला ह्यारिसको पराजयले महिला नेतृत्व र परिभाषामा नयाँ विमर्शको आरम्भ गरेको छ ।

फर्केर हेर्दा, डोनाल्ड ट्रम्पको निरन्तर आक्रमण र महिलाका बारेमा गरिएका अपमानजनक टिप्पणीहरूले ह्यारिसको अभियानलाई कमजोर बनाउने काम गरे । ट्रम्पका समर्थकहरू ह्यारिसको उम्मेदवारीलाई मात्र उनको लिङ्गको कारण कमजोर देखाउन चाहन्थे । इलन मस्कको ट्रम्पको पक्षमा गरिएको समर्थनले धेरै चर्चा निम्त्यायो । ट्रम्प महिला नेतृत्वको विरोध गर्दै, यौनवादी टिप्पणी र अपमानजनक व्यवहारको साथ ह्यारिसको उम्मेदवारीलाई कमजोर बनाउन चाहन्थे । अमेरिकामा १७ भन्दा बढी महिलाले ट्रम्पमाथि यौन दुर्व्यवहारका आरोप लगाए, जसमा बलात्कार र कुटपिट जस्ता गम्भीर आरोप थिए । २०२३ मा, एक जुरीले ट्रम्पलाई यौन दुर्व्यवहारको दोषी समेत ठहरायो ।

यो क्रम यहीं रोकिंदैन । जस्तै नवनिर्वाचित उपराष्ट्रपति जेडी भान्सले महिलाहरूप्रति पितृसत्तात्मक र आपत्तिजनक टिप्पणी गरे, जसले अमेरिकाको नेतृत्वको बारेमा प्राचीन विचार धारालाई बल पुऱ्यायो । यसले अमेरिकाको नेतृत्वको लागि 'बलियो' र 'मर्दाना' पुरुषको छवि सिर्जना गरेको थियो । यस्तो कठिन परिस्थितिमा पनि कमला ह्यारिसले महिला पीडितको कार्ड नखेल्ने निर्णय गरिन् र आफूलाई केवल महिला उम्मेदवारको रूपमा प्रस्तुत नगरी, एक सशक्त र प्रगतिशील अल्फा लिडरको रूपमा प्रस्तुत गरिन् ।

उनको उद्देश्य अमेरिकी चुनाव जित्नु मात्र होइन, बलियो नेतृत्वको प्रतीक बनाउँदै सबै वर्गका महिलाहरूसम्म समान अधिकार र अवसरको सन्देश पुऱ्याउनु थियो । ह्यारिसको यात्रा आजको राजनीति र भविष्यका लागि एक नयाँ मापदण्ड स्थापना गर्ने प्रयास थियो । यसमा दुई वटा कारण विशेष चर्चामा रह्यो ।

पहिलो: २०१६ को चुनावमा हिलारी क्लिन्टनको महिला उम्मेदवारको शक्तिशाली न्यारेटिभ र अमेरिकाको पहिलो महिला राष्ट्रपति बन्ने पोट्रेयलले कमला ह्यारिसलाई एक पाठ दिन बाध्य बनायो । क्लिन्टनले महिलाको नेतृत्वलाई ऐतिहासिक र प्रतीकात्मक रूपमा प्रस्तुत गर्दा, उनले महिलाको लिङ्गको आधारमा मात्र पहिचान गरिएर सामाजिक र राजनीतिक अवरोधहरूको सामना गर्नुपऱ्यो । यसमा मतदाताबाट अपेक्षित समर्थन प्राप्त भएन र यसको परिणामस्वरूप, महिला नेतृत्वको यथार्थ र चुनौतीको वास्तविकता उजागर भयो । यस अनुभवले ह्यारिसलाई सोच्न बाध्य पाऱ्यो कि महिला नेतृत्वलाई केवल लिङ्गको रूपमा प्रस्तुत गर्नु भनेको मात्र एक सीमित र कमजोर दृष्टिकोण हो ।

त्यसैले उनले आफ्नो उम्मेदवारीलाई नयाँ दृष्टिकोण र बलियो नेतृत्वको प्रतीकको रूपमा प्रस्तुत गरिन् । जहाँ उनले आफूलाई महिला उम्मेदवार मात्र नभएर, परिवर्तन र प्रगतिको दूतको रूपमा प्रस्तुत गर्न सफल भइन् । यसले उनलाई महिलाहरूको हक र समानता मात्र होइन, सम्पूर्ण अमेरिकामा समावेशी र सशक्त नेतृत्वको लागि लड्न प्रेरित गऱ्यो । दोस्रो कारण, कमला ह्यारिसको बाल्यकाल र उनकी आमा श्यामला गोपालनको प्रभाव थियो, जसलाई ह्यारिसले हरेक चुनावी अभियानमा सम्मानका साथ सम्झन थालिन् । श्यामला, जो १९ वर्षको उमेरमा क्यालिफोर्निया विश्वविद्यालय बर्कली अध्ययनका लागि अमेरिका गइन् ।

१९६० को दशक अमेरिका अत्यन्त अशान्त र विभाजनकारी समय थियो । नागरिक अधिकार आन्दोलन, भियतनाम युद्ध र राजनीतिक हिंसा जस्ता घटनाहरूले अमेरिकाको समाजमा गहिरो असन्तोष र विभाजन ल्याएका थिए । अफ्रिकी अमेरिकनहरूको समान अधिकारको लडाइँ तीव्र थियो भने, भियतनाम युद्धले अमेरिकामा गहिरा सामाजिक र राजनीतिक मतभेदहरू उत्पन्न गरेको थियो । जसले अमेरिकी समाजलाई संकट र असुरक्षाको अवस्थामा पुऱ्याएको थियो । हो यति बेलै, श्यामलाले जमैकन नागरिक डोनाल्ड ह्यारिससँग भेट गरिन् र १९६४ मा कमलाको जन्म भयो ।

कमला ह्यारिसकी हजुरआमा भारतीय स्वतन्त्र संग्रामकी लडाकु थिइन् र ह्यारिसको जीवनमा धेरै ठूलो प्रभाव पार्न सफल भइन् । आमा र हजुरआमा, शक्तिशाली महिला प्रतीकको रूपमा, कमला ह्यारिसले चुनावी सभामा ट्रम्पको विरुद्ध महिला पीडितको कार्ड खेल्न सकिनन्, बरु उनले आफूलाई एक सशक्त, समावेशी र समान समाज निर्माणको पक्षधर उम्मेदवारको रूपमा प्रस्तुत गर्न प्राथमिकता दिइन् । यसले उनलाई एकमात्र राजनीतिक नेता नभई, प्रगति र समावेशी दृष्टिकोणको प्रतीकका रूपमा प्रस्तुत गऱ्यो । झट्ट हेर्दा, कमला ह्यारिसको हारले फेमिनिजमको चौथो चरणको बहसलाई केही समयका लागि पछाडि धकेलिएको जस्तो लाग्न सक्छ । तर वास्तवमा उनले यस बहसलाई सकारात्मक र समावेशी दिशा दिँदै अघि बढाउनमा सफलता प्राप्त गरिन् ।

ह्यारिसको हारले फेमिनिजमका परम्परागत धारणाहरूको पुन: मूल्यांकन गर्न प्रेरित गऱ्यो । यसले देखायो कि महिलाका लागि संघर्ष केवल लिङ्गीय समानता मात्र नभई सामाजिक असमानता र विभिन्न वर्गका महिलाहरूको वास्तविकता र अधिकारको पनि सम्मान गर्नुपर्छ । महिला नेतृत्वको परिप्रेक्ष्यमा कमला ह्यारिसको कथाले विशेष महत्व राख्छ । उनले आफ्नो नेतृत्व क्षमतामा विश्वास राख्दै महिला अधिकार र समानताको मुद्दामा नयाँ दिशा र दृष्टिकोण प्रस्तुत गरिन् । यसले मात्र महिलाको अधिकारका लागि होइन, सम्पूर्ण समाजका लागि समानता र न्यायको सन्देश प्रवाह भने अवश्य गऱ्यो ।

ह्यारिसको हारले यो बहसलाई केही समयका लागि रोकिएको जस्तो देखिए पनि, यसले एउटा महत्वपूर्ण सन्देश दिएको छ- समानता र समावेशिता प्राप्त गर्न अझ परिष्कृत र समग्र दृष्टिकोणको आवश्यकता पर्दछ । उनले बुझेको महत्वपूर्ण कुरा यो थियो कि समयको परिवर्तनसँगै महिलाहरूका अधिकारहरू पितृसत्तात्मक संरचनामा समावेश हुने सम्भावना छ । महिलाले आफूलाई न्याय र समानता प्राप्त गर्नका लागि संघर्ष गर्नु परेको नयाँ विश्वमा, ह्यारिसले गर्भपतन र महिलाको प्रजनन् अधिकारलाई आफ्ना चुनावी एजेण्डामा प्राथमिकता दिइन् । उनको विश्वास थियो कि महिलाले आफूलाई मात्रै होइन, समग्र समाजको हितमा पनि निर्णय लिनुपर्नेछ । यद्यपि यी मुद्दाहरूले केही स्वीङ स्टेटहरू, जस्तै पेन्सिलभेनिया, जर्जिया, विस्कन्सन, मिसिगनहरूमा चाहेजति प्रभाव पार्न भने सकेनन् ।

ट्रम्पको क्याम्पले ह्यारिसको राजनीतिक करिअरमा आक्रमण गर्नका लागि कमजोर र आप्रवासी नेतृत्वको छवि निर्माण गर्ने रणनीति अपनायो । क्यालिफोर्नियाको महान्यायाधिवक्ता र सिनेटरको रूपमा गरेका केही महत्वपूर्ण निर्णयहरूमाथि प्रश्न उठाइयो, जसले ह्यारिसको नेतृत्व र न्यायिक दृष्टिकोणलाई चुनौती दिइरहेको थियो । ट्रम्पका समर्थकहरूले महिलालाई प्रभावकारी निर्णय लिन नसक्नेको रूपमा चित्रण गर्न चाहेका थिए । यसले अमेरिकी समाजमा व्याप्त लिङ्गीय र जातीय पूर्वाग्रहलाई प्रकट गरेको थियो, जसले ह्यारिसलाई राजनीतिक हिसाबले रक्षात्मक अवस्थामा पुऱ्यायो ।

तर, यी सबको बीच, कमला ह्यारिसले आत्मविश्वास र दृढ इच्छाशक्ति देखाएर आफ्नो नेतृत्वलाई अझ मजबुत बनाइन्, आफूलाई एक सशक्त र समावेशी दृष्टिकोणका साथ प्रस्तुत गर्न चाहिन् । ह्यारिसले महिलाको अधिकारका लागि मात्रै होइन, सामाजिक न्याय र समावेशिता प्राप्त गर्नका लागि आफ्नो दृष्टिकोण परिवर्तन गर्नमा विश्वास राखिन् । उनको संघर्षले समावेशी र समान समाजको परिभाषालाई नजिक ल्याएको छ । र, फेमिनिजमको यो सामाजिक आन्दोलनमा महिलाहरूको लागि समान अवसरको मागलाई अझ फराकिलो र बलियो बनाएको छ ।

आजको चौथो चरणको फेमिनिजम भने धेरै समावेशी र विविधता भरिएको छ । चौथो चरणमा 'इन्टरसेक्सनालिटी' (अन्तरसम्बन्ध) को अवधारणा बढी प्रचलित भएको छ, जसले एक व्यक्तिको पहिचानका विभिन्न पाटा जस्तै यौनिकता, जातीयता, वर्ग र लैङ्गिकताले कसरी उनीहरूको अधिकार र समाजमा स्थानलाई प्रभावित गर्छ भन्ने विषयमा गहिरो बहस र विश्लेषण गर्दछ । यो धारणाले फेमिनिजमलाई महिलाको अधिकारका सन्दर्भमा मात्र नभई समग्र सामाजिक असमानता र विभाजनको मुद्दामा पनि योगदान पुऱ्याइरहेको छ । यसले महिला अधिकारको परिभाषालाई मात्र परिमार्जित नगरी, समावेशी समाजको आवश्यकता र यसको महत्वलाई पनि बल पुऱ्याएको छ । यसमा महिलाका अधिकारलाई मात्र होइन, यथार्थमा विभिन्न वर्ग र जातका महिलाहरूको वास्तविकता र अनुभवलाई प्राथमिकता दिइन्छ ।

नेपालमा चौथो चरणको फेमिनिजम अझै प्रारम्भिक अवस्थामा छ । यहाँ महिलाका अधिकार र समावेशिताका लागि संघर्ष जारी छ, तर पूर्ण समानता र विविधता अझै हासिल गरिएको छैन । महिलालाई सांस्कृतिक र पारम्परिक अवरोधहरूको सामना गर्नुपर्नेछ, जसले समावेशी समाज निर्माणमा ढिलाइ पुऱ्याउँछ ।

कमला ह्यारिसले अमेरिकी चुनावमा समानता र समावेशिताको पक्षमा आवाज उठाउँदै, महिलाका अधिकारलाई व्यापक समाजका मुद्दाको रूपमा प्रस्तुत गरिन् । नेपालमा पनि महिलाका अधिकार र समावेशिताको लागि समान कदमहरू उठाउन आवश्यक छ । ह्यारिसको दृष्टिकोणले हामीलाई सिकाउँछ कि महिला अधिकार केवल महिला समस्यामा सीमित छैन, यो समाजका प्रत्येक सदस्यको अधिकारको सवाल हो । २०२४ को अमेरिकी चुनाव इतिहासको एक महत्वपूर्ण मोडमा थियो । यस पटक, महिलाले अमेरिकाको सर्वोच्च पदमा पुग्ने ठूलो अवसर पाए पनि गुमेको छ । २०० वर्षभन्दा बढीको अमेरिकी इतिहासमा कुनै महिला राष्ट्रपतिका रूपमा निर्वाचित भएका छैनन् ।

अमेरिकामा महिलाहरूको अधिकारको संघर्ष लम्बिएको मात्रै छैन, यसै वर्षको चुनावमा एकपटक फेरि यो लडाइँ टुङ्गिएको पनि छ । यो दृष्टिकोणबाट हेर्ने हो भने, अमेरिकामा महिलाका लागि उच्चतम पद हासिल गर्न नसक्नु केवल एक वैचारिक समस्या मात्र होइन, यो एक ऐतिहासिक असफलता पनि हो । यसको तुलनामा दक्षिणएशियामा महिला नेतृत्वको समृद्ध इतिहास छ, जहाँ महिलाले उच्चतम राजनीतिक पदमा सफलता प्राप्त गरेका छन् । कमला ह्यारिस नजन्मिंदै, श्रीलंकाकी सिरिमावो बन्दरानाइके सन् १९६० मा विश्वको पहिलो महिला प्रधानमन्त्री बनेकी थिइन् ।

ह्यारिसकै मामाघर भारतमा, इन्दिरा गान्धीले १९६६ देखि १९८४ सम्म दुई पटक प्रधानमन्त्रीको पद सम्हालिन् र भारतको राजनीतिक परिप्रेक्ष्यमा एक निर्णायक परिवर्तन ल्याइन् । यसैगरी, बङ्गलादेशकी शेख हसिना, पाकिस्तानकी बेनजीर भुट्टो र नेपालकी विद्यादेवी भण्डारीले पनि आफ्नो देशको नेतृत्व सम्हाल्दै महिलाका लागि नयाँ मार्गदर्शन र सम्भावनाका ढोका खोलेका थिए ।

यी सबै महिलाहरूले समग्र महिलाहरूलाई सशक्त र समावेशी समाजको निर्माणमा नेतृत्वको भूमिका निभाउन प्रेरित गरे । २०२४ सम्म पनि अमेरिका महिलाको हकमा यसमा तयार देखिएन । तर कमला ह्यारिसको चुनावी यात्रा अमेरिकामा महिलाको नेतृत्वको सम्भावना देखाउने महत्वपूर्ण कदम थियो । हार स्वीकार गर्दा पनि, उनले महिलाहरूको सशक्तीकरण र नेतृत्वको लागि एउटा नयाँ परिभाषा सेट गरि दिइन् । उनले यो देखाइन् कि पितृसत्तात्मक संरचनामा महिलाले केवल महिला नभई नेतृत्वकर्ता पनि हुन सक्छन् । नेपालमा पनि समान परिवर्तनका संकेत देखिन थालेका छन् । यद्यपि महिला सशक्तीकरणको यात्रा अझै लम्बिए पनि महिलाहरूको नेतृत्व र अधिकारको पक्षमा प्रगति भने भइरहेको छ । नेपाली महिलाहरूको समृद्ध भविष्य र नेतृत्वको लागि ह्यारिसको संघर्षले थप बल र विश्वास दिएको छ । यसले महिलालाई मात्रै होइन, समग्र समाजलाई पनि एउटा ठूलो सन्देश र मार्गदर्शन दिने काम गरेको छ ।

(साभार: अनलाइनखबर)

# ऊर्जा विकासमा वन कानुनको व्यवधान

✍ दुनबहादुर बुढाथोकी

अधिकांश जलविद्युत् आयोजना नदी, खोला वा पहाडमा निर्माण गरिने हुँदा विद्युत् गृह, बाँध, नहर, सुरुङ, प्रसारण लाइन आदि निर्माणको क्रममा वन, बोटबिरुवा वा रुख कटानी, फडानी वा छपन गर्नुपर्ने हुन सक्छ । ठूला, बहुउद्देश्यीय अथवा जलाशययुक्त जलविद्युत् आयोजना निर्माण गर्दा सबै प्रकारका बोटबिरुवा डुबानमा पर्न सक्छन् ।

यसैले के-कति बोटबिरुवा क्षति हुन सक्छ, कसरी वन र वातावरण क्षय नहुने गरी जलविद्युत् आयोजना निर्माण गर्न सकिन्छ भन्ने सवालमा वन, बोटबिरुवा वा रुखले महत्व पाउने गर्दछ । अथवा वन जोगिने गरी आयोजना निर्माण गर्नुपर्ने वा शोधभणस्वरुप वृक्षरोपण गर्नुपर्ने सन्दर्भमा वन, रुख तथा बोटबिरुवालाई महत्व दिने गरिएको हो ।

आयोजनाको आकार, आयोजना स्थल, भौगोलिक अवस्थिति, भौगर्भिक बनावट आदिले रुख तथा बोटबिरुवा कटानी वा क्षयको परिमाण निर्धारण गर्दछ । उदहरणार्थ १ सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजना निर्माणको सिलसिलामा साना-ठूला गरी कुल १ लाख ६० हजार बोटबिरुवा क्षतिको अनुमान गरिएको छ । त्यस्तै १२ सय मेगावाट क्षमताको बूढीगण्डकी वा १० हजार ८ सय मेगावाट क्षमताको कर्णाली चिसापानी आयोजना निर्माण गर्दा स्वाभाविकरुपले त्योभन्दा अधिक क्षति हुन सक्छ ।

**नीगित प्रावधान** :

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार, निकुञ्ज क्षेत्रमा प्रवेशका लागि अधिकार प्राप्त अधिकारीको लिखित अनुमति आवश्यक पर्दछ । सरकारको स्वीकृतिबेगर रुख, बोटबिरुवा कटानी, माटो, ढुंगा, बालुवा वा अन्य कुनै खनिजजन्य पदार्थ खोज्न, खन्न वा प्रयोग गर्न पाइँदैन । वनक्षेत्रको जग्गा अन्य प्रयोजनका लागि उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०६३ अनुसार, निकुञ्ज वा संरक्षित क्षेत्रमा जलविद्युत् आयोजना निर्माणको क्रममा वनक्षेत्र प्रयोग गर्ने बाहेक अन्य विकल्प नभएमा उक्त आयोजनाको भौतिक संरचनाले ओगट्ने क्षेत्रफल बराबरको जग्गा प्रवर्द्धकले खरिद गरी निकुञ्ज वा संरक्षित क्षेत्रलाई उपलब्ध गराउनुपर्दछ । यसका अतिरिक्त १० सेन्टिमिटरभन्दा अधिक व्यास भएको एउटा रुख बराबर २५ वटाका दरले सम्बन्धित जिल्ला वन कार्यालयले ताकेको स्थानमा वृक्षरोपण गरी पाँच वर्षसम्म स्याहार-सम्भार गरेर सम्बन्धित जिल्ला वन कार्यालयलाई बुझाउनुपर्दछ । पवर्द्धकले वृक्षरोपण गर्न नसकेमा वृक्षरोपण गर्न र पाँच वर्षसम्म स्याहार-सम्भार गर्न लाग्ने लागत बराबरको रकम जिल्ला वन कार्यालयलाई बुझाउनुपर्दछ । त्यस्तै, संरक्षण क्षेत्र व्यवस्थापन नियमावली २०५३ अनुसार, संरक्षण क्षेत्रभित्रको जलस्रोतको उपयोग गर्नुपूर्व वन तथा भू-संरक्षण मन्त्रालयको सहमति लिनुपर्दछ ।

संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारहरु निर्माण एवं सञ्चालनसम्बन्धी कार्यनीति, २०६५ अनुसार, आयोजनाको सम्भाव्यता अध्ययन गर्दा सकभर निकुञ्ज, आरक्षण, मध्यवर्ती क्षेत्रमा नपर्ने गरी अध्ययन गर्नुपर्दछ । उक्त क्षेत्रमा जलविद्युत् आयोजना निर्माण गर्दा अधिकांश भौतिक संरचनाहरु राष्ट्रिय निकुञ्ज, आरक्ष वा मध्यवर्ती क्षेत्रको सिमानाबाहिर पर्ने गरी निर्माण गर्नुपर्दछ । राष्ट्रिय निकुञ्ज वा आरक्षणको सिमानाभित्र पर्ने नदी वा खोला थुन्दा वा फर्काउँदा उक्त नदी वा खोलामा प्रवाह हुने मासिक जल प्रवाहको कम्तीमा ५० प्रतिशत प्राकृतिक प्रवाह (नेचुरल फलो) हुने गरी निर्बाधरुपमा खुल्ला छोड्नुपर्दछ । जलविद्युत् उत्पादनका लागि पानी प्रयोग गरिने नदी वा खोलामा हुने मासिक जल पर्वाह (डिस्चार्ज) को कम्तीमा १० प्रतिशत वा वातावरणीय प्रभाव मूल्याङ्कन (ईआए) प्रतिवेदनले तोकेको परिमाणको पानी छाड्नुपर्दछ ।

जलविद्युत् प्रवर्द्धकहरुले जलविद्युत्को व्यावसायिक उत्पादन प्रारम्भपश्चात् सरकारलाई बुझाउने राजस्वको १० प्रतिशत बराबरको रोयल्टी वातावरणीय संरक्षण र सामुदायिक विकासका लागि सम्बन्धित राष्ट्रिय निकुञ्ज वा संरक्षण क्षेत्रलाई बुझाउनुपर्दछ । निकुञ्ज वा संरक्षण क्षेत्रभित्रको माटो, बालुवा, गिटी, काठ, दाउरा, ढुंगालगायतका वन पैदावार प्रयोग गरेमा राजस्व वन नियमावली, २०५१ ले तोकेको दरमा सम्बन्धित राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्र कार्यालयमा बुझाउनुपर्दछ ।

**प्रक्रियागत व्यवस्था** :

नेपालमा रुख कटानी वा वन छपानी प्रक्रिया निकै झन्झटपूर्ण, प्रक्रियामुखी र बोझिलो रहेको छ । कानुनत: रुख काटनीका लागि वन विभागमा निवेदन दिनुपर्दछ । वन विभागले कटानी गर्नुपर्ने रुखहरुको चेकजाँचका लागि सम्बन्धित जिल्ला वन कार्यालयमा पत्राचार गर्नुपर्दछ । जिल्ला वन अधिकृतले कटानी गर्नुपर्ने रुखको संख्या निक्यौंल गरी उक्त कुराको जानकारी वन विभागलाई गराउनुपर्दछ ।

वन विभागले कटानी गर्नुपर्ने रुखको संख्या निक्यौंल गरी वन तथा वातावरण मन्त्रालयलाई पत्राचार गर्नुपर्दछ । वन तथा वातावरण मन्त्रालयले सिफारिससहितको प्रतिवेदन मन्त्रिपरिषद्मा पठाउनुपर्दछ । मन्त्रिपरिषद्लाई औचित्यपूर्ण लागेमा स्वीकृत गरी वन तथा वातावरण मन्त्रालयमा पठाउनुपर्दछ । वन तथा वातावरण मन्त्रालयले मन्त्रिपरिषद्‌द्वारा स्वीकृति भएको पत्र वन विभागलाई पठाउनुपर्दछ । यी प्रक्रियाहरु विधिवत्रुपमा पूरा भएको खण्डमा वन विभागले रुख कटानीका लागि प्रवर्द्धकलाई अन्तिम स्वीकृति प्रदान गर्न सक्छ । तथापि, एउटा अतिरिक्त काट्न वा नकाट्न प्रवर्द्धकले पुन: माथिको प्रक्रिया पूरा गरी मन्त्रिपरिषद्को स्वीकृति लिनुपर्दछ । त्यस्तै, रुख कटानीका क्रममा पहिले निर्धारण गरिएको रुखको संख्याभन्दा घटबढ भएमा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (सप्लिमेन्टरी ईआए) गर्नुपर्दछ ।

क्रमश: पृष्ठ-३....

# ओलीको बेइजिङ लिस्टमा कांग्रेसले केरमेट गरिदिने डर

काठमाडौं/प्रधानमन्त्री केपी शर्मा ओली अर्को महिना चीन उड्नुअघि आफ्नो तयारी निर्वाध अघि बढेको हेर्न चाहन्छन् । उनलाई कांग्रेसकै भर अनि कांग्रेसकै डर छ । भर यसर्थ कि, ओलीले उच्चस्तरीय राजनीतिक संयन्त्र नै बनाएर बेइजिङ तयारी थाल्ने निर्णय पहिलो बैठकमै गराएका छन् । डर यसर्थ कि, चीनसँग बीआरआई सम्झौता भएको सात वर्षपछि पनि ऋणसम्बद्ध परियोजना नबढाउँ, अनुदानमा जोड गरुँ भन्न कांग्रेस नेताहरु किञ्चित धकाइरहेका छैनन् ।

यसअघि अर्थमन्त्री रहेका संस्थापनकै नेता प्रकाशशरण महत लगायतले खुलेआम चिनियाँ परियोजनाको कार्यान्वयन मोडालिटीप्रति प्रश्न र सन्देह उठाइरहेका छन् । महतले भनेका छन्, 'चिनियाँ पक्षबाट यसअघि कबुल गरिएको एक अर्ब डलर अनुदान भए अहिले काफी हुन्छ, ऋण त हामीले यसअघि नै विश्व बैंक र एसियाली विकास बैंकसँग मागिसकेका छौं ।' याद रहोस्, कांग्रेस र एमाले नेताहरु राखेर संयन्त्र बनेको एक सातासम्मै कांग्रेसवृत्तबाट यस्ता आवाज उठ्न छाडेका छैनन् ।

इतिहासको रोचक पृष्ठभूमि के छ भने पहिले तत्कालीन नेकपाका एक अध्यक्ष प्रचण्डले सरकार चलाउन संयन्त्र बनाउँ भन्दा नमान्ने तत्कालीन प्रधानमन्त्री ओलीले नै यसपल्ट कांग्रेस सभापति शेरबहादुर देउवालाई मनाएर संयन्त्र बनाइछाडे । कांग्रेसका केही नेताले सरकार संसद्प्रति जिम्मेवार हुने कि अमूक संयन्त्रप्रति भनी उठाएका प्रश्नलाई सहजै पन्छाउँदै सभापति देउवा पनि प्रधानमन्त्री ओलीको प्रस्तावमा सहमत भइहाले । देउवाले अन्तिमसम्मै यही धारणा कायम राख्न आन्तरिक तथा भूराजनीतिक कारणले सक्लान् भनी कतिपयले आशंका व्यक्त गरेका छन् । तर एमालेसँग सत्ता साझेदारी गरेको चार महिनापछि उनी उच्चस्तरीय संयन्त्र बनाउन तयार हुनुको मुख्य कारण चाहिं प्रधानमन्त्री ओलीको आसन्न चीन भ्रमण नै बनिदियो ।

ओली डिसेम्बर पहिलो साता चीनका समकक्षी ली छ्याङको निमन्त्रणामा बेइजिङ उड्नेछन् । चिनियाँ राष्ट्रपति सी जिनपिङसँग ग्रेट हल अफ् द पिपलमा ओलीको भेट हुने पक्कापक्की रहेको बताइएको छ । यति हुँदाहुँदै पनि ओलीको उत्तरयात्रामा यसपल्ट ती विषय मुख्य एजेन्डा बन्न सक्छन्, जसमाथि साझेदार कांग्रेसको प्रत्यक्ष चासो छ । केरुङ-गल्छी हुँदै काठमाडौं ल्याउने रेल बीचका वर्षहरुमा सुस्ताएको हल्ला थियो, यसपल्ट ओलीले बेइजिङमा त्यसलाई ब्युँताउने तयारी गरेको बुझिएको छ । यसअघि ओलीको रेल र पानीजहाज सपनालाई खुलेर आलोचना, कटाक्ष गर्नेमा कांग्रेस नेताहरु कम थिएनन् ।

त्यसबेला कांग्रेस लगायत प्रतिपक्षी र आलोचकहरुसँग सुरुमा प्रतिक्रियात्मक बनेको एमाले पक्ष पनि विस्तारै सेलाएको थियो । कारण, बीचमा चिनियाँ प्राविधिक पक्षले रसुवागढी हुँदै आउने भनिएको रेलको सम्भाव्यता अध्ययन गरेर भौगोलिक कठिनाइ रहेको बताएपछि रेल चर्चा नै हुन छाडेको थियो । तर छेङ्दुबाट ल्हासा रेल सञ्चालनको अनुभव नै करिब नेपाली भूभागमा



पनि कामयाब हुने नयाँ रिपोर्ट पाएपछि ओली फेरि रेल सपना ब्युँताउन उत्साहित भएको सरकारी पक्ष बताउँछ ।

यसका अलावा विगतमा सम्झौता हुँदै अघि बढ्ने क्रममा रहेको काठमाडौं-टोखा-छहरे सुरुङमार्ग निर्माण, अरनिको राजमार्गको धुलिखेल-तातोपानी खण्डलाई बाह्रैमास चल्ने बनाउन ठोस प्रतिबद्धता, काठमाडौं चक्रपथको गुणस्तरीय निर्माणलाई तीव्रता, रातमाटे केरुङ ट्रान्समिसन लाइन, मदन भण्डारी साइन्स एन्ड टेक्नोलोजी विश्वविद्यालय निर्माणमा ठोस सहायता आदि विषय ओलीको भ्रमण सूचीमा रहने छन् ।

सरकारी उच्च तहका अनुसार प्रधानमन्त्री ओलीले सात वर्षअघि एमओयु सम्झौता गरिसकिएको बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) अन्तर्गतका यी कार्यक्रमको प्रगति देखिने खालका एजेन्डामा नेपाली पक्षको फलोअप बोकेर तयारीसाथ जाने छन् । तर यिनै परियोजनाहरुमध्ये खास-खास परियोजना अघि बढाउने कि नबढाउने भन्नेमा कांग्रेसले राख्नसक्ने 'फरक मत'ले ओली दबाबमा पर्न सक्नेछन् ।

विगतमा ओलीले चीनसँग सम्झौता गर्दा परराष्ट्र मामिला सल्लाहकार रहेका उनीनिकट एमाले नेता राजन भट्टराई भन्छन्, 'कांग्रेस किन अलमल र द्विविधामा परेको हो थाहा भएन, तर नेपालले एमसीसी जस्तै बीआरआईमा पनि सम्झौता गरिसकेको छ । कतिपय नेताहरुले त्यसको कार्यान्वयनबारे टिप्पणी गर्नुअघि यसको संवेदनशीलता विचार गर्नु उचित होला ।'

भट्टराईले चिनियाँ पक्षबाट जुनसुकै परियोजनालाई पनि बीआरआईअन्तर्गत भनिदिने प्रवृत्तिले नेपाली नेतृत्वमा अन्योल पैदा गरेकाले उसले पनि विचार गर्ने ठाउँ रहेको बताए ।

**ओलीलाई व्यक्तिगत दबाब**

कांग्रेस नेताहरुले देखाएको कतिपय अनिच्छाका बाबजुद ओलीलाई आफू यसअघि प्रधानमन्त्री छँदा अघि बढाएको बीआरआई अन्तर्गतका कार्यक्रम सफलतातर्फ अघि बढ्दैछन् भनी उदाहरण पेश गर्नुपर्ने नैतिक चुनौती छ ।

उनी यो काम एक्लै गर्न चाहन्नन्, किनभने साझेदार कांग्रेस चिनियाँ परियोजनाहरुप्रति आशा, आशंका र अनिच्छा एकैपल्ट दर्शाइरहेको छ । संयन्त्रमै कांग्रेसलाई राखेर चीनलाई ओली भन्न गइरहेका छन्, हाम्रा समझदारीमा कांग्रेस पनि साथै छ । कथं चीनसँग सम्झौतामा अघि बढ्न सकिएन भने ओलीलाई भन्न कठिन हुने छैन, संयन्त्रमा सबै कुरा मिलेन ।

'देउवा र ओलीमा अनुदान प्रकृतिका सहायतामा जोड गर्ने, ऋण प्रकृतिका सहायतामा पुनर्विचार गर्नुपर्छ भन्ने मोटामोटी सहमति नै छ' ती अधिकारीले भने, 'तर प्रधानमन्त्रीको चीन भ्रमणमा परियोजना विशेषमा ठोस सहमति केही गर्ने कि सैद्धान्तिक कुरामै अड्किने भन्ने चाहिं अबका दिनहरुको खास परीक्षा हो ।'

पारवहन सम्झौताको कार्यान्वयन, नेपाल चीन सीमा क्षेत्रमा नेपालीको सहज पहुँच लगायत विषय भ्रमणमा प्राथमिकता साथ उठ्ने बताइएको छ । ओलीले परराष्ट्र, अर्थ र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध अधिकारीहरुलाई यसबारे मिहिन तयारी गर्न निर्देशन दिइसकेको सरकारी स्रोतले बतायो ।

उसो त परराष्ट्रमन्त्री आरजु राणा देउवाले भ्रमण तयारी गर्ने भनिए पनि चिनियाँ पक्षले बढ्ता कुराकानी र तयारी प्रधानमन्त्री स्वयं र उनको सचिवालय, अर्थ मन्त्रालय, उद्योग वाणिज्य मन्त्रालयतर्फ गरिरहेको बुझिएको छ । विभागीय मन्त्रालय र यसका मन्त्रीप्रति सुषुप्त झल्केको चिनियाँ अविश्वासका पछाडि विगतको मनोविज्ञानले पनि काम गरेको हुनसक्ने नेपाली पक्षको बुझाइ छ ।

**कांग्रेसले के गर्ला ?**

ओलीपछि प्रधानमन्त्री बन्ने समझदारीमा रहेका देउवासँग एकातिर गठबन्धनको स्पिरिट, अर्कातिर अविच्छिन्न सरकारको प्रमुखका रुपमा यिनै सम्झौतालाई लिएर अघि बढ्ने चुनौती हुनेछ । उनले विगतमा ओली सरकार ढलेपछि चीनसँगका सम्झौता बारेमा दिएका अभिव्यक्ति यसपल्ट दोहोऱ्याउने सम्भावना कम देखिन्छ ।

तीन वर्षअघि देउवा प्रधानमन्त्री बन्ने बित्तिकै काठमाडौं आएका चिनियाँ कम्युनिस्ट पार्टी विदेश विभाग प्रमुख ल्यु च्यानछ्याओलाई देउवाले विगतमा जेसुकै सम्झौता भएको भए पनि नेपाल ऋण लिने अवस्थामा नरहेको अडान राखेका थिए । देउवाले २६ असार, २०७९ मा उच्च तहका ती चिनियाँ नेता ल्युलाई भनेको उद्धृत गर्दै उनको सचिवालयले भनेको थियो, 'पहिले सम्झौता जुन पृष्ठभूमिमा भए पनि नेपालको अर्थतन्त्र साह्रै कमजोर भयो । हामी ऋण लिने अवस्थामा छैनौं । अनुदान पाइए स्वीकार गर्छौं ।'

ख्याल गर्नुपर्ने के छ भने आफूभन्दा ठिक अघि प्रधानमन्त्री रहेका ओलीले गरेका सम्झौताकै प्रतिक्रियामा देउवाको यस्तो प्रतिवाद आएको थियो । यसपल्ट तिनै देउवा ओलीको सहकार्य मधुमास सकेर नियमित दिनतर्फ अघि बढ्दैछ ।

उसो त कांग्रेसभित्र देउवाको चीन सम्बन्धलाई लिएर नयाँ धारणा पनि बन्ने क्रममा छन् । विगतमा चीनसँग भावनात्मक रुपमा नजिक नरहेका देउवाले तिब्बती धर्मगुरु दलाई लामाका उच्च प्रतिनिधि लोब्साङ साङ्गेलाई भारतमा एउटै मञ्च सेयर गरेको, त्यसको केही समयपछि काठमाडौं आएका चिनियाँ राष्ट्रपति सी जिनपिङले देउवासँग केहीबेर मात्रै, त्यो पनि उभिई-उभिई भेटेको प्रसंग कूटनीतिक वृत्त गर्माउन पर्याप्त थियो ।

बीचका वर्षहरुमा भने देउवा चिनियाँ पक्षसँग उत्तिकै सघन सम्बन्धमा रहेको कांग्रेस वृत्त बताउँछ । राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष रहेका कांग्रेस केन्द्रीय सदस्य डा. गोविन्दराज पोखरेलका भनाइमा आफूले समर्थन गरेका प्रधानमन्त्री ओलीको भ्रमण तुलनात्मक रुपमा कमजोर वा असफल देखिएको हेर्न कांग्रेस पनि चाहँदैन ।

'कतिपय विषयमा आफ्नो दलका विषयहरु हुन सक्छन्, तर चीनसँग कसरी जाने भन्नेमा अहिले दुई सत्ता साझेदारको धेरै विवाद नहोला' पोखरेल भन्छन्, 'बेइजिङमा नयाँ सम्झौताहरु हुने सम्भावना चाहिं निकै कम छ, त्यसमा थुप्रै कारण र पक्षहरु हुन सक्छन् ।'

पोखरेलले भने जस्तै विचार राख्छन् अर्थशास्त्री प्रा.डा. अच्युत वाग्ले । कुनै बेला देउवाकै टिममा रहेर कार्यसम्पादन गरेका अर्थशास्त्री वाग्लेको विचारमा बीआरआई फ्रेमवर्कको देखादेखी विरोध यसपल्ट नहुन सक्छ, तर प्राथमिकता फेरिन सक्छन् ।

'धेरै चर्चामा आएका केही योजनामा पक्कै कुरा होला, तर रेलको योजना अघि बढेन भने पनि रोडको त बढ्छ नै । त्यसपछि अरु पूर्वाधारभन्दा कृषि र प्रविधि तर्फका प्रोजेक्टमा सम्झौता हुने देखिन्छ,' वाग्ले भन्छन्, 'भ्रमण सफल रहेको भनेर मोमेन्टम् सिर्जना गर्न काफी हुने एजेन्डामा केन्द्रित भएर बाँकी विषयलाई सैद्धान्तिक रूपमा छाडिने सम्भावना म देख्छु ।'

वाग्लेले माथि भने जस्तै ओलीलाई आफूले सहमति जनाएको बीआरआई अन्तर्गतका परियोजनामा प्रगति भएको देखाउनुपर्ने चुनौती एकातिर छ । अर्कातिर उनी यस अन्तर्गतका ट्रान्स हिमालयन मल्टिडाइमेन्सनल कनेक्टिभिटी नेटवर्क, अनि अरु आर्थिक परियोजनामा खुरुखुरु समर्थन गरेर नेपालको आन्तरिक राजनीतिक समीकरणलाई बिगार्ने पक्षमा देखिँदैनन् । ओलीलाई यही विन्दुमा देउवाको 'थप समर्थन' आवश्यक परेको छ । उच्चस्तरीय संयन्त्र त्यसैको उपज हो, जहाँ देउवा र ओली दुवै नेता बसेर प्रधानमन्त्रीको चीन भ्रमणको आवश्यक तयारी गर्न परराष्ट्रमन्त्री आरजु राणा देउवालाई 'निर्देशन दिने' निर्णय गरियो ।

**पोखरा विमानस्थल र अरू**

उसो त पोखरा अन्तर ष्ट्रिय विमानस्थल सन् २०१४ मै एमओयु गरी अघि बढेको योजना हो । यो बीआरआईभन्दा तीन वर्ष पुरानो परियोजना सम्झौता हो । चिनियाँ राजदूत चेन सोङले भने एउटा कार्यक्रममा बोल्ने क्रममा विमानस्थल पनि बीआरआई फ्रेमवर्ककै अंग हो भनिदिए । त्यसपछि विमानस्थल निर्माणका क्रममा नेपाल ऋणको पासोमा पर्ने विश्लेषण सर्वत्र हुन थाल्यो ।

उच्च सूत्रका अनुसार ओली यसपल्टको बेइजिङ भ्रमणमा सकभर पोखरा एयरपोर्टलाई ऋण नभई अनुदानमा रूपान्तरण गर्न चाहन्छन्, नत्र कम्तीमा निर्ब्याजी ऋणमा बदल्ने उनको प्राथमिकता हुनेछ । कांग्रेसको दबाब, अनि ओली स्वयंको 'आर्थिक तथा भूराजनीतिक स्वीकारोक्ति' ले यसमा काम गर्न सक्ने जानकार बताउँछन् ।

'विश्व बैंक र एसियाली विकास बैंककै जस्तो शर्तनामा राखेर थोरै ब्याज गराउने कोसिस पनि हुन सक्ला, तर नेपाल जस्तो सानो देशको एउटा सानो परियोजनाका लागि चीनले आफ्नो नीति नै बदल्ला भन्ने लाग्दैन' एक विज्ञले भने, 'त्यसैले ओली आफैंले अन्तिम समयमा पुनर्विचार गर्ने ठाउँ पनि देखिन्छ ।'

एमाले नेता राजन भट्टराई भने बीआरआईमा एमसीसी जसरी निर्माण मोडालिटी, प्रोजेक्ट डिजाइन लगायत कडिकडाउ शर्त राख्नु साटो खुला राखिएकाले धेरै आशंका गर्नुपर्ने अवस्था हुनेछैन । 'एमसीसीमा अमेरिकी पक्षले ७० प्रतिशत, नेपाली पक्षले ३० प्रतिशत खर्च गर्ने गरी शर्तहरु छन्, जबकि बीआरआईका प्रोजेक्टमा यस्तो भनिएको छैन' उनी भन्छन्, 'बरु सफ्ट लोन वा अन्तर्राष्ट्रिय बजार दर अनि मापदण्ड अनुसारका कमर्सियल लोनहरुमा जाने विकल्पमा सोच्न सकिन्छ । राजनीतिक समझदारी बनाएर अघि बढ्दा नेपालको हित हुने विन्दुहरु खोज्न कठिन हुँदैन ।'

कांग्रेसले पोखरा विमानस्थल लगायत अरु परियोजनाबारे उठाउन सक्ने आवाजबारे जानकार रहेका भट्टराई थप्छन्, 'संयन्त्रले विकल्पहरुमा कुरा गर्ला । यसले सरकारका नियमित काममा हस्तक्षेप गर्ने होइन, सघाउने हो । तर संयुक्त सरकार भएकाले नेतृत्व तहमा उच्च समझदारी बनिराख्नु आवश्यक छ । यो वा त्यो कारण देखाएर प्रधानमन्त्रीको भ्रमणलाई प्रभावित पार्ने अवस्था कतैबाट पनि आउनु उचित होइन ।'

*(स्रोत: अनलाइनखबर)*

# 'तेल भिसा'मा डबल रोल गर्ने विपिनले डबल पारिश्रमिक लिएका हुन् ?




काठमाडौं/'भर्सटायल' अभिनेता विपिन कार्की 'महाजात्रा' रिलिजको करिब ७ महिनापछि नयाँ फिल्म 'तेल भिसा'मार्फत् पर्दामा देखिँदैछन् । आगामी मंसिर ७ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको यो फिल्म उनका लागि निकै विशेष छ । किनकि, यसमा उनी बाबु र छोराको गरी दोहोरो भूमिकामा देखिएका छन् । दुईवटा भूमिका भएकै कारण उनले पारिश्रमिक ४० लाख लिएको समेत चर्चा छ ।

सोमबार काठमाडौंमा आयोजित पत्रकार भेटघाटमा विपिनलाई पारिश्रमिकको विषयमा पनि प्रश्न तेर्सियो । डबल रोल गर्न डबल पारिश्रमिक लिएको भन्ने कुरा उनले ठाडै अस्वीकार गरे । उनले भने, 'दुईवटा चरित्र गर्न छुट्टाछुट्टै पारिश्रमिक लिएको चाहिँ होइन । दुईवटा चरित्र गर्ने कुरा म फिल्ममा अनुबन्धित भइसकेपछि भएको निर्णय हो ।' दोहोरो चरित्र गर्दा दुईवटा फिल्म गरेजस्तो महसुस भएको उनको अनुभव छ ।

'मलाई एउटा क्यारेक्टर गर्न नै एकदमै गाह्रो हुन्छ । दुईवटा क्यारेक्टरमा दुईटाजस्तो देखिन र त्यसमा विश्वास दिलाउनका लागि मिहिनेत त पर्छ नै । तर, फिल्ममा काम गर्ने निश्चित भएपछि कसरी गर्ने भनेर मैले सोच्न थालिसकेको थिएँ । तर, दोहोरो चरित्रले गर्दा दुईवटा फिल्म गरेजस्तो चाहिँ हुँदोरहेछ । त्यसमाथि फिल्ममा एउटा पार्ट अमेरिका अनि अर्को नेपालको छ । त्यसले गर्दा दुईवटा फिल्म गरेजस्तो, घाटा लागेजस्तो भयो,' उनले हाँस्दै भने ।

फिल्मकी अभिनेत्री तथा निर्मात्री ऋचा घिमिरे विपिन १ करोड पारिश्रमिकका लागि पनि योग्य रहेको दाबी गर्छिन् । भन्छिन्, 'उहाँ अफस्क्रिन र अनस्क्रिन दुवैमा साह्रै सहज हुनुहुन्छ । हाम्रो अमेरिकाको सेड्युल 'टफ' थियो । उहाँले स्टार डमअनुसार व्यवहार गर्नुभएको भए हामीलाई गाह्रो हुन्थ्यो । उहाँ अभिनय र व्यवहारको हिसाबले ५० लाख मात्र होइन, एक करोड डिजर्भ गर्नुहुन्छ ।'

# 'सारङ्गी'ले बनाएको दुई दुर्लभ कीर्तिमान, जुन तोडिन सहज छैन

काठमाडौं/कीर्तिमान भनेको तोडिनका लागि बन्छ । संसारमा असम्भव मानिएका कयौं कीर्तिमान तोडिएका छन् । तर, फिल्म 'पूर्ण बहादुरको सारङ्गी'ले बनाएको दुर्लभ कीर्तिमान तोडिन सहज देखिँदैन । लक्ष्मीपूजा (कात्तिक १५ गते)बाट प्रदर्शनमा आएको यो फिल्मले शो संख्या र व्यापारमा कीर्तिमान रचेको छ । सर्वाधिक शो पाउने नेपाली फिल्मको रेकर्ड आफ्नो नाममा बनाएको फिल्मले एक दिनमै सर्वाधिक कमाई गर्ने नेपाली फिल्मको कीर्तिमान पनि कायम गरेको छ ।




घटस्थापनामा आएको फिल्म 'बेहुली फ्रम मेघौली'ले सर्वाधिक शोको कीर्तिमान रचेको थियो । यसले पहिलो दिन ३ सय ३५ शो पाएको थियो । यो रेकर्डलाई 'पूर्ण बहादुरको सारङ्गी'ले दोस्रो हप्ताको सम्मुखमा तोड्यो । अहिले ४ सय ७० बढी शोसहित फिल्म प्रदर्शनरत छ । यो कूल शोको लगभग ७० प्रतिशत हिस्सा हो । अब यो रेकर्ड तोड्न अन्य नेपाली फिल्मलाई सहज देखिँदैन ।

शुक्रबार र शनिबार फिल्मले अर्को कीर्तिमान रच्यो । यसले दोस्रो हप्ताको शुक्रबार २ करोड ९९ लाख र शनिबार ३ करोड ८९ लाखको व्यापार गर्दै एकै दिनमा सबैभन्दा बढी कमाई गर्ने नेपाली फिल्मको कीर्तिमान आफ्नो नाममा गरेको छ । यसअघि एकै दिनमा सर्वाधिक कमाई गर्ने फिल्मको रेकर्ड 'कबड्डी ४'ले बनाएको थियो, जसको पहिलो दिनको कमाई २ करोड ९० लाख ग्रस थियो । अब यो रेकर्ड तोडिएको छ ।

'पूर्ण बहादुरको सारङ्गी'ले दोस्रो हप्ताको शनिबारसम्ममा घरेलु बक्स अफिसमा झन्डै १८ करोड जोडेको छ । प्रदर्शनको १० दिनसम्ममा फिल्मको कूल कमाई १७ करोड ९८ लाख पुगेको छ । यो व्यापार अंक अद्भूत हो । फिल्मको गति अझै केही दिन यस्तै रहेको खण्डमा यसले 'कबड्डी ४'को नाममा रहेको साढे २३ करोडको ऐतिहासिक रेकर्ड तोड्न सक्ने देखिन्छ ।

फिल्मले दर्शकलाई बिहान ४ बजे र साँझ ११ बजेसम्म हलमा तानिरहेको छ । तैपनि देशभर टिकटको हाहाकार देखिन्छ । हरेक उमेर समूहका दर्शक फिल्म हेर्न पुगेका छन् । फिल्म हेर्दा रोएका भिडियोले टिकटक कब्जा गरेको छ । त्यही भिडियो हेरेर हल पुग्ने दर्शकको संख्या उस्तै छ । कतिलाई फिल्मको नाम समेत थाहा हुँदैन । 'रुवाउने फिल्म' भन्दै हलमा टिकट मागिरहेका छन् । सम्भवत: यो किसिमको क्रेज नेपाली फिल्मले यसअघि देखेको थिएन ।

बाबु-छोराबीचको भावनात्मक सम्बन्धको कथा भन्ने फिल्ममा विजय बराल, प्रकाश सपूत, अञ्जना बराइली, मुकुन भुसाल, बुद्धि तामाङ लगायतको अभिनय छ । बाबुले छोराका लागि देखेको सपनाको कथा फिल्मले भन्छ । फिल्ममा जीवन्त अभिनय गरेका विजय बराललाई दर्शकले 'नेचुरल स्टार'को उपमा दिएका छन् । उनले मुख्य भूमिकामा काम गरेको यो पहिलो फिल्म हो ।

# अभिभावक बन्दै संयम र आश्मा

काठमाडौं/अभिनेता संयम पुरी र अभिनेत्री आश्मा डिसी पहिलो सन्तानलाई स्वागत गर्ने तयारीमा छन् । अर्थात् उनीहरु अभिभावक बन्दैछन् । आइतबार आश्माले 'बेबी सावर' मनाएकी थिइन् । सोमबार उनले आफ्नो इन्स्टाग्राममा एक भिडियो सेअर गरेकी छन्, जसमा उनले 'मम्' र संयमले 'ड्याड' लेखिएको क्यापटोपी लगाएका छन् । आश्मा आगामी मंसिरमा आमा बन्न लागेकी हुन् ।

संयम र आश्माले करिब एक दशक लामो प्रेम सम्बन्धलाई २०७९ सालको मंसिरमा विवाहमा परिणत गरेका थिए । विगत केही वर्षयता उनीहरु अमेरिकामा बस्दै आइरहेका छन् । संयम र आश्माले पहिलो पटक फिल्म 'आभाष'मा एकसाथ काम गरेका थिए । यही फिल्मको बेला उनीहरुबीच प्रेम अंकुरण भएको थियो । यसपछि फिल्म 'नाइँ नभन्नु ल ३'मा पनि दुवैले एकसाथ काम गरे ।

अभिनयमा अब्बल मानिएका संयमले 'सायद'बाट अभिनेताको रुपमा डेब्यू गरेका थिए । यसपछि उनले 'पुन्टे परेड', 'लभ सब', 'ग्याङस्टर ब्लुज', 'रातो घर' लगायतका फिल्ममा अभिनय गरे । उनी लिड हिरोमा भने चल्न सकेनन् । अमेरिका गएपछि उनले अभिनयलाई निरन्तरता दिन सकेका छैनन् । आश्मा भने अमेरिका जानुअघि 'रामप्यारी'मा देखिएकी थिइन् ।

# ऊर्जा विकासमा वन कानुनको....

सामुदायिक वनको रुख कटानी गर्न सरोकारवाला सामुदायिक वन उपभोक्ता समितिको वार्षिक साधारणसभाको दुई तिहाइ बहुमतले स्वीकृति जनाउनुपर्दछ । रुख कटानी गर्ने अनुमति प्राप्त प्रवर्द्धकले एउटा रुख कटानीबापत २५ वटा वृक्षरोपण गरी ५ वर्षसम्म संरक्षण गर्नुपर्दछ । त्यसो गर्न नसकेमा उक्त कार्यका लागि आवश्यक पर्ने रकम वन कार्यालयलाई दाखिला गर्नुपर्दछ ।

**व्यवधान :**

रुख कटानी तथा छपानीको सिलसिलामा प्रवर्द्धकले अनेकन बाधा, व्यवधान र कष्टहरु झेल्नु नपरेको शायदै नजिरहरु छन् । रुख कटानीका लागि प्रवर्द्धकले पटक-पटक वन मन्त्रालय, वन विभाग, वन कार्यालय, स्थानीय उपभोक्ता समितिको दैलो नधाई धरै पाउँदैन । स्वीकृतिका लागि मन्त्रालय, विभाग वा कार्यालयमा पुगेको फाइल अकारण अड्काइने वा लुकाइने गरेको प्रवर्द्धकको बुझाइ छ । प्रसारण लाइन निर्माण गर्दा व्यक्तिगत जमिनको क्षतिपूर्ति २० प्रतिशत निर्धारण गरिएकोमा सरकारी जमिनको शतप्रतिशत निर्धारण गरिनुलाई (तनहुँ जलविद्युत् आयोजना) असंगत ठानिएको छ । जग्गाधनीले जग्गा उपलब्ध गराउन आनाकानी गर्ने वा अदालतमा मुद्दा दायर गर्ने गरेका छन् । सोही कारण प्रवर्द्धकले मुद्दा खेप्नुपरेको छ । मुद्दा छिनोफानो नहोउन्जेसम्म निर्माण कार्य रोक्नुपरेको, मुद्दा छिनोफानो हुन ३-४ वर्षसम्म लाग्ने गरेको (लप्सीफेदी भक्तपुर) बताइन्छ ।

वनसँग सम्बन्धित कठिन, जटिल र अनौठा नजिररुहरुको अभाव छैन । एउटा सरकारी निकायले अर्को सरकारी निकायलाई जग्गा खरिद गरी सुम्पने गरिएको छ । नेपाल विद्युत् प्राधिकरणले निकुञ्ज वा आरक्षण क्षेत्रलाई वनको जग्गा प्रयोग गरेबापत अर्को जग्गा किनेर सुम्पनुपरेको हो । प्रसारण लाइनले चर्चिएको क्षेत्रफल बराबरको जग्गा सोही क्षेत्रमा चाहेर पनि पाउन कठिन हुने गरेको छ । कोहलपुर-सुर्खेत कोरिडोरमा पर्ने निकुञ्ज क्षेत्रले चिर्चिएको ६३ बिघा जमिन प्रयोग गरेबापत नेपाल विद्युत् प्राधिकरणले यस्तो सास्ती झेलेको हो ।

मन्त्रिपरिषद्ले गरेको निर्णय वन तथा वातावरण मन्त्रालयले अवज्ञा गर्ने गरेको छ । तनहुँ जलविद्युत् आयोजनामा वन कटानीका लागि मन्त्रिपरिषद्ले स्वीकृति प्रदान गरेकोमा वन मन्त्रालयले अवज्ञा गर्दा नेपाल विद्युत् प्राधिकरणले ४ वर्षसम्म रुख कटानी गर्न नसकेको हो । मन्त्रिपरिषद्ले सर्वेक्षण स्वीकृति दिएकोमा राष्ट्रिय निकुञ्जले अनुमति नदिँदा हालसालै ८ जलविद्युत् आयोजनाका प्रवर्द्धकहरु अदालतको ढोका ढकढक्याउन पुगेका बताइन्छ । रुक कटानी स्वीकृत प्राप्त गर्न नसक्दा एउटा प्रसारण लाइन निर्माणको कार्य १२ वर्षसम्म विलम्ब हुन पुगेको छ । पछिल्लो समयमा दोर्दी कोरिडोर प्रसारण लाइनले यस्तो नियति झेलेको हो । औंलामा गन्न सकिने रुख काटन गर्न महिनौं लाग्ने गरेको छ । कुलेखानी आयोजना निर्माणको क्रममा एउटा रुख काट्न ६ महिना र तराई-मधेस द्रुतमार्ग निर्माणको क्रममा ४ वटा रुख काट्न ९ महिना लागेको हो ।

*(साभार: न्यूज अफ नेपाल)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मलद्वार नभएका नाबालकको उपचार खर्च व्यहोर्ने उपमहानगरको निर्णय



साझाकुरा संवाददाता

हेटौंडा, २६ कात्तिक/ हेटौंडा उपमहानगरपालिकाले मलद्वार नै नभएका नाबालकको उपचारमा आर्थिक सहायता उपलब्ध गराउने भएको छ । १८ महिनाका आरोन स्याङतानको स्थानीय सरकारको सहयोगमा उपचार गराइने भएको छ ।

उपचार खर्चको अभावका कारण उनको परिवारले उपचार गर्न सकेको थिएन । हेटौंडा-१५ का वडाअध्यक्ष सुनिल मोक्तानले ल्याएको बालकको उपचारका लागि सहयोग प्रस्ताव कार्यपालिका बैठकले स्वीकृत गरेको प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमले जानकारी दिए । बालकको उपचारका लागि स्थानीय सरकारले जिम्मेवारी लिएको उपमहानगरकी नगरप्रमुख मीनाकुमारी लामाले बताइन् ।

चिकित्सकको सल्लाह अनुसार उनको उपचारमा लाग्ने खर्च व्यहोर्ने लामाले जानकारी दिइन् । 'अहिले ३ लाख ५० हजार खर्च लाग्छ भनिएको छ । त्यो खर्च उपमहानगरले व्यहोर्ने सोमबार बसेको कार्यपालिका बैठकले सर्वसम्मत निर्णय गरेको हो' नगरप्रमुख लामाले भनिन् । मलद्वार नभएकाले आरोनलाई असह्य पीडा रहेको उनको परिवारले बताएको छ । नाबालक भएकाले आरोनले आफ्नो पीडा आमाबाबुलाई व्यक्त गर्न सक्दैनन् ।

हरेक पटक दिशा गर्दा उनको आँखाबाट आँसु झर्छ । तर, बाबु मनिष थिङ र आमा एञ्जिला स्याङ्तान केवल टुलुटुलु हेर्न बाध्य छन् । २०८० जेठ २ गते मनिष र एञ्जिलाले आरोनलाई पहिलो सन्तानको रुपमा जन्म दिएका थिए । तर, जन्मेको केही घण्टामै बालक आरोनले बान्ता गर्न थालेको उनका बुवा मनिषले बताए । त्यसपछि उनलाई हेटौंडा अस्पताल लगियो । चिकित्सकले छोराको मलद्वार छैन भनेपछि संसार नै अँध्यारो महशुस भएको उनी सुनाउँछन् ।

मनिषले नाबालक छोराको साढे तीन लाख जुटाएर प्रारम्भिक उपचार गराइसकेको बताए । अब काठमाडौंस्थित अन्तराष्ट्रिय बालमैत्री अस्पताल लैजानुपर्ने भएपछि उनी उपचार खर्चको अभावले आत्तिएका छन् । बिहान-बेलुकाको छाक टार्न मुस्किल परिवारलाई छोराको उपचार खर्चको पीर परिरहेका बेला उपमहानगरले सबै उपचार खर्च व्यहोर्ने भएपछि मनिष-एञ्जिला दम्पति खुशी देखिएका छन् ।

अन्तराष्ट्रिय बालमैत्री अस्पताल काठमाडौंमा प्रारम्भिक उपचारका क्रममा नाबालकको पेटबाट दिशा गर्ने व्यवस्था मिलाइएको बाबु मनिषले बताए । अस्पतालले ६ महिनापछि बोलाएको तर, उपचारका लागि पर्याप्त रकम जोहो गर्न नसकेको उनले सुनाए ।

'अब थप ५-६ लाख कहाँबाट ल्याउने ? हरेक रात छोरा रोएको सुन्दा निन्द्रा लाग्दैन,' मनिष भन्छन्, 'मेरो गरिबीले उसलाई पीडा दिइरहेको छ ।' एञ्जिलाले बिहान-बेलुका छाक टार्न धौधौ अवस्था रहेकाले छोराको उपचार गर्न समस्या भइरहेको सुनाइन् । 'उहाँहरुको सबै पीडा सुनेका छौं । मेरो नगर बासीलाई हरसम्भव खुशी ल्याउने मेरो जिम्मेवारी हो । अब उनीहरुको आवश्यकता उपमहानगरले पूरा गरी सामाजिक दायित्व निर्वाह गर्छ' नगर प्रमुख लामाले भनिन् ।

# न्यौपानेको 'बाह्रखरी' कथा प्रतियोगितामा छनोट

साझाकुरा संवाददाता

हेटौंडा, २६ कात्तिक/ मकवानपुरे साहित्यकार अनिता न्यौपानेको कथा छैटौं 'डिश होम बाह्रखरी कथालेखन प्रतियोगिता-२०८१' मा छनोट भएको छ ।

प्रतियोगिताका लागि यसवर्ष विश्वभरिबाट प्राप्त ९ सय ३७ कथा प्राप्त भएका थिए । प्राप्त कथामध्येबाट पहिलो चरणमा छनोट भएका ५२ कथामा साहित्यकार न्यौपानेको कथा छनोटमा परेको हो । २०८१ असारमा भएको राष्ट्रिय कविता प्रतियोगितामा पनि साहित्यकार न्यौपाने सर्वोत्कृष्ट भएकी थिइन् । साहित्य संगम मकवानपुर र आँचल साहित्य कला पुञ्ज मकवानपुरकी निवर्तमान अध्यक्ष रहेकी न्यौपानेको फूलको विद्रोह कविता संग्रह प्रकाशित भइसकेको छ भने निवन्ध र कविता संग्रह प्रकाशनको तयारीमा रहेको छ ।

बाह्रखरीको आन्तरिक छनोट समितिले यसवर्ष प्राप्त कथामध्येबाट ५२ वटा कथाको चयन गरेको हो । यसरी पहिलो चरणको छनोटमा परेका ५२ वटा कथामध्येबाट प्रा.डा. ज्ञानू पाण्डेको संयोजकत्वमा साहित्यकार डा. गीता त्रिपाठी र धीरेन्द्र प्रेमर्षि सम्मिलित मूल निर्णायक समूहले उत्कृष्ट २५ कथा छनोट गर्ने जनाइएको छ । आन्तरिक निर्णायक समूहका अनुसार सामान्यत: प्रथम चरणमा ५० कथा छानिने भए पनि यस वर्ष पनि प्राथमिक छनोटमा समान अंक पाएका थप दुई कथा अन्तिम चरणको छनोटका लागि समावेश गरिएको हो ।

बाह्रखरी कथालेखन प्रतियोगितका लागि छनोटमा परेका ५२ कथाकारमा अनिता न्यौपानेसँगै भूमिका थारु, विष्णु पादुका, ध्रुव अधिकारी, दीक्षित केसी, दुर्गा ढेंगा, महेन्द्र महक, नारद थपलिया, राजु मियाँ, सुदीप चापागाईं, तुल्सी गिरी, अनिता कोइराला, अनुपम रोशी, अप्सना चौलागाईं, अरुणप्रसाद चौधरीका कथा रहेका छन् ।

त्यस्तै वसन्त बायुङराई, विवेक धिमाल, विमला तिवारी, विशालबाबु बस्नेत, देवेन्द्र खापुङ, डा. हिमलाल श्रेष्ठ, हर्कबहादुर लामगादे, इलैया पाठक, जीतबहादुर कट्टुवाल, कर्मसही घर्तीमगर, केदार नाथ झा, ललिता दोषी, मिरमा, पवन ओली, प्रवीण याम्फू, राधिका कल्पित, समर्पण श्री, पूर्णबहादुर लिम्बु, सञ्जय पन्थी, सपना अधिकारी, शारदा स्टेफी, सीमा हैदर, सूचना तिमिल्सिना, तोयम, चेतनाथ आचार्य, अनिता पन्थी, बैकुण्ठ ढकाल, दिव्य गिरी, कान्ति न्यौपाने, मधुर भट्टराई, मातृका सुवेदी, प्रमेय भण्डारी, यशोदा अधिकारी, भागवत खनाल, टीकाराम पोखरेल, संजय साह मित्र र रमेशजंग थापाका कथा परेका छन् ।

प्रतियोगितामा सर्वोत्कृष्ट तीन कथालाई अघिल्ला वर्षभैँ क्रमश: एक लाख, ६० हजार र ४० हजार रुपैयाँ नगद राशिका साथ पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिनेछ । अन्तिम चरणसम्म पुग्न सफल उत्कृष्ट २५ कथाको पुस्तक पनि प्रकाशित हुने बाह्रखरीले घोषणा गरिसकेको छ । संग्रहमा प्रकाशित हुने बाँकी २२ कथाकारलाई जनही पाँच हजार रुपैयाँ सम्मानस्वरुप प्रदान गरिनेछ । कथा प्रतियोगिताको नतिजा २०८१ मंसिर महिनाको दोस्रो साता काठमाडौंमा सार्वजनिक हुनेछ ।

# हेटौंडा-१२ को उपनिर्वाचनमा रास्वपा, राप्रपा र नेकपा एसले टुंग्याए उम्मेदवार





साझाकुरा संवाददाता

हेटौंडा, २६ कात्तिक/ हेटौंडा उपमहानगरपालिकाको १२ नम्बर वडामा उपनिर्वाचनका लागि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राप्रपा र नेकपा (एकीकृत समाजवादी)ले पनि वडाअध्यक्षको उम्मेदवारको टुंगो लगाएका छन् ।

३० वैशाख २०७९ मा भएको स्थानीय तहको निर्वाचनबाट वडाअध्यक्षमा विजयी नेकपा माओवादी केन्द्रका ललितबहादुर घलान जिल्ला समन्वय समिति मकवानपुरको प्रमुख हुन गएपछि रिक्त पदमा उपनिर्वाचन हुन लागेको हो । मकवानपुरका १० स्थानीय तहका १०२ वडामध्ये हेटौंडाको १२ नम्बर वडामा मात्रै उपनिर्वाचन हुन लागेको हो ।

रास्वपाको वडा, नगर र जिल्ला कार्यसमितिको संयुक्त बैठकले आशाबीर बललाई वडाअध्यक्षको उम्मेदवार बनाउने निर्णय गरेको पार्टी नगरसभापति ध्रुवबहादुर विष्टले जानकारी दिए । राप्रपाले प्रेम लामा भ्लोनलाई वडाध्यक्षको उम्मेदवार बनाएको छ । भ्लोनलाई राप्रपा जिल्ला कार्यसमितिको बैठकले सर्बसम्मत उम्मेदवार चयन गरेको पार्टी जिल्ला सहकोषाध्यक्ष सन्दिप सापकोटाले जानकारी दिए ।

यसैगरी, नेकपा (एस) बाट बलराम बललाई उम्मेदवार बनाइएको पार्टी जिल्ला अध्यक्ष विष्णु दाहालले जानकारी दिए । रास्वपा, राप्रपा र नेकपा एसले पनि उम्मेदवार टुंगो लगाएकाले निर्वाचनमा हालसम्म ६ वटा दलको उपनिर्वाचनमा प्रतिस्पर्धा हुने देखिएको छ । यसअघि नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रले उम्मेदवार टुंग्याएका थिए ।

कांग्रेसबाट अर्जुन तिवारी, नेकपा एमालेबाट राजेश नगरकोटी र माओवादी केन्द्रबाट रविन प्रधान वडाध्यक्षका उम्मेदवार रहने भएका हुन् । तिवारी र नगरकोटी गत निर्वाचनमा घलानको प्रतिद्वन्दी पनि थिए । तिवारीले दोस्रो र नगर कोटीले तेस्रो स्थान पाएका थिए ।

वडाध्यक्षको निर्वाचनमा मुख्यत: तीन दल नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रका उम्मेदवारबीच कडा प्रतिस्पर्धा हुने गत निर्वाचनको मतपरिणामले देखाउँछ । उपनिर्वाचनबाट माओवादीलाई गुमेको वडाध्यक्ष फिर्ता गर्ने र कांग्रेस, एमालेलाई नयाँ वडामा विजयको झण्डा गाड्ने चुनौती रहेको छ ।

२०७९ मा भएको स्थानीय तहको निर्वाचनमा घलानले १३७१ मत पाएका थिए । उनका प्रतिस्पर्धी कांग्रेसका तिवारीले १३४० मत र एमालेका नगरकोटीले १३२५ मत पाएका थिए । गतनिर्वाचनमा तीन दलका उम्मेदवारबीचको मतान्तरमा खासै फरक छैन । रास्वपा उपनिर्वाचनबाट पहिलोपटक प्रतिस्पर्धी बनेपछि नतिजा कसको पक्षमा जानेछ भन्ने अनुमान गर्न सकस छ ।

हेटौंडा उपमहानगर पालिकामा १९ वटा वडा छन् । वैशाख ०७९ मा भएको स्थानीय तह निर्वाचनबाट मेयरसहित एउटा वडामा नेकपा (एस), कांग्रेसको उपमेयरसहित ८ वटा वडाअध्यक्ष र एमालेले ९ वटामा वडाअध्यक्ष र माओवादी केन्द्रमा १२ नम्बर वडामा जिते निकालेको थियो । २०७४ को निर्वाचनमा एमालेले मेयर, उपमेयर सहित १३ वटा वडामा जितेको थियो ।

कांग्रेस, माओवादी र नेकपा (एस)ले गठबन्धन गरेर लडेको ०७९ को निर्वाचनमा यसअघि एमालेले जितेको २, ७, ८ र ९ नम्बर वडामा कांग्रेस र एसले कब्जा गरे । गत निर्वाचनमा मेयर, उपमेयर गुमाए पनि एमालेको हेटौंडा नगरकार्यपालिकामा भने ५६ सदस्यसहित बहुमत छ ।

# गढी र मनहरी-२ अन्तिम ८ मा, उत्कृष्ट खेलाडीलाई एक क्रेट अण्डा



साझाकुरा संवाददाता

हेटौंडा, २६ कात्तिक/ मकवानपुरको पश्चिमीक्षेत्र मनहरी गाउँपालिका-४ मसिनेस्थित पशुपतिनाथ माविको गोलघर खेलमैदानमा जारी दोस्रो चैनपुर जेसीज मनहरी कप फुटबल प्रतियोगितामा मकवानपुरगढी जेसीज र मनहरीको २ नम्बर वडा अन्तिम आठमा प्रवेश गरेका छन् ।

सोमबार भएको पहिलो खेलमा मकवानपुरगढी जेसीजले कमाने फुटबल एकेडेमीलाई ३-० ले हराएको हो । जेसीजको जितमा मिलन स्याङ्तानले २ र मनिष पौडेलले एक गोल गरे । पहिलो हाफमा स्याङ्तानको गोलमार्फत् जेसीजले अग्रता लिएको थियो । दोस्रो हाफमा स्याङ्तानले नै अग्रता दोब्बर बनाए ।

खेलको करिब अन्तिम समयमा पौडेलले टिमको लागि तेस्रो गोल गरेका हुन् । कमानेले गोल गर्ने केही राम्रो मौका पाएपनि सदुपयोग गर्न सकेन । २ गोल गरेका जेसीजका स्याङ्तान खेलको म्यान अफ द म्याच घोषित भए । उनलाई पौष्टिक आहारको रुपमा लिइने एक क्रेट अण्डा प्रदान गरिएको छ ।

सोमबारको दोस्रो खेलमा नारायणी क्लेज हेटौंडालाई टाइब्रेकरमा हराउँदै मनहरी २ नम्बर वडा पनि क्वाटरफाइनलमा प्रवेश गरेको छ । निर्धारित समय गोलरहित बराबरी भएपछि टाइब्रेकरमार्फत् विजेताको टुंगो लागेको थियो । खेलमा तुलनात्मकरुपमा नारायणी कलेजले केही राम्रो मौकाहरु पाएपनि गोल निकाल्न सकेन । टाइब्रेकरमा २ नम्बर वडा ५-४ गोलले विजयी भएको हो । नारायणी कलेजका एक खेलाडीको प्रहार पोष्टमा लागेर बाहिरिएपछि २ नम्बरले जित निकालेको हो ।

खेलको म्यान अफ द म्याच २ नम्बर वडाका सन्तोष गोङ्बा भए । उनलाई पनि एक क्रेट अण्डा दिइएको छ । जारी प्रतियोगितामा मंगलबार पहिलो खेल पदमपोखरी युनाइटेड र आरआर एफसीको बीचमा हुनेछ भने दोस्रो खेल मनहरी-५ र ऋषेश्वरी क्लव मनहरी-४ को बीचमा हुनेछ । यही मंसिर ३ गतेसम्म सन्चालन हुने दोस्रो चैनपुर जेसीज मनहरी कप फुटबल प्रतियोगितामा मकवानपुरका १६ टिमको सहभागिता रहेको छ ।

प्रतियोगिताको विजेताले एकलाख एकहजार १११ रुपैयाँ तथा उपविजेताले ५१ हजार १५१ रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछ । यस्तै सर्वोत्कृष्ट खेलाडीले ७ हजार पाँचसय तथा अन्य विधागत उत्कृष्टले जनही नगद ३ हजार पाँचसय रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछन् । मनहरी गाउँपालिकाको ४ नम्बर वडाको मुख्य प्रायोजन तथा मनहरी गाउँपालिकाको सहयोगमा प्रतियोगिता सञ्चालन भएको हो ।

# हेटौंडामा छाँयाकन गरिएको 'अग्निदहन' देशभर रिलिजको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, २६ कात्तिक/ हेटौंडामा छाँयाकन गरिएको नेपाली कथानक चलचित्र 'अग्निदहन' को निर्माण टिम देशभर रिलिजको तयारीमा रहेकाले प्रचारप्रसारका लागि हेटौंडा आइपुगेको छ ।

आगामी मंसिर ७ गतेदेखि रिलिजको तयारीमा रहेको चलचित्र साहित्यकार लोकराज पौडेलको उपन्यासमा आधारित छ । चलचिलमा हेटौंडाको कमानेमा घटेको एउटा पुरानो आगलागी घटनालाई देखाइएको निर्माण टिमले जानकारी दिएको छ । बोक्साबोक्सीको आरोपमा जिउँदै जलाइएको घटना भएको घरमै पुगेर चलचित्र छाँयाकन गरिएको जनाइएको हो । सोमबार चलचित्र पत्रकार संघ मकवानपुरद्धारा आयोजित पत्रकार सम्मेलनमार्फत् 'अग्निदहन' को टिमले चलचित्रको बारेमा जानकारी गराएको हो ।

मान्छे बोक्सी हुन्न कहिल्यै राष्ट्रिय जागरण प्रतिष्ठानले निर्माण गरेको चलचित्र सामाजिक कथावस्तुमा आधारित रहेको निर्देशक घनश्याम लामिछानेले बताए । लामिछानेले सामाजिक कुरीति बोक्सीप्रथाको अन्त्यका लागि चलचित्र निर्माण गरिएको बताए ।





एक करोड भन्दा बढी लगानीमा बनेको चलचित्र नेपाली, अंग्रेजी, हिन्दी, भोजपुरी र मैथिली भाषामा प्रदर्शनीमा ल्याउने तयारी गरेको चलचित्रका संरक्षक मोहनराज शर्माले जानकारी दिए ।

चलचित्रबाट आएको रकम सामाजिक कुरीति, कुप्रथा अन्त्यका लागि नै खर्च गरिने उनको भनाई छ । सामाजिक कथावस्तु र हेकाले सबै परिवार, शिक्षक, विद्यार्थी सबैले हेर्नुपर्ने कथा रहेको निर्माणपक्षको दाबी रहेको छ । पाँच सय भन्दा बढी स्थानमा विशेष प्रदर्शनमा आइसकेको चलचित्रले २०७५ सालमा विशेष चलचित्र अवार्ड प्राप्त गरेको थियो ।

कोविदशरण उपाध्यायको प्रस्तुती रहेको चलचित्रमा प्रकाश घिमिरे, प्रमिला तुलाचन, माओत्से गुरुङ, अनुपमा भण्डारी, तुलसी क्षेत्री, विष्णु वास्तोला, ताराबहादुर गुरुङलगायत कलाकारको अभिनय रहेको छ । चलचित्र पत्रकार संघ नेपाल मकवानपुरका अध्यक्ष कपिल खड्काको अध्यक्षतामा पत्रकार सम्मेलन भएको थियो ।


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७०४१५, ९८१७८२८६१४, ९८४५९२८०५७


# राक्सिराङमा भीरबाट लडेर वृद्धको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २६ कात्तिक/ मकवानपुरको विकटक्षेत्र राक्सिराङ गाउँपालिकामा भीरबाट लडेर एकजना वृद्धको मृत्यु भएको छ । ८ नम्बर वडाको रातोडाँडामा भीरबाट लडेर स्थानीय ८१ वर्षीय सिंहबहादुर ब्लोनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

घर नजिकै भीरमा अरेलीकाँडाको घास काट्ने क्रममा चिप्लिएर भीरबाट ८० मिटर तल खसेका थिए । गम्भीर घाइते उनको अस्पताल ल्याउने क्रममा बाटोमा नै मृत्यु भएको मकवानपुर प्रहरीप्रवक्ता प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए । ब्लोनको शव पोस्टमार्टमका लागि हेटौंडा अस्पतालमा राखिएको उनले बताए ।

**हेटौंडा उपमहानगरपलिका**

**नगर कार्यपालिकाको कार्यालय**

**आर्थिक विकिस महाशाखा (पशुपन्छी विकास शाखा)**

**हेटौंडा, मकवानपुर**

## अनुदान कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना

*(प्रथम पटक सूचना प्रकाशित मिति:२०८१।०७।२७ गते)*

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पशुपन्छी विकास शाखाको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलका कार्यक्रमहरु लागत साझेदारीमा सञ्चालन गर्न उपमहानगरपालिकको क्षेत्र भित्रका ईच्छुक कृषकहरुले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन (मिति: २०८१।०८।२७ गते) सम्ममा कार्यालय समयमा आवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगी वा म्याद नाघि प्राप्त भएका निवेदन उपर कुनै कारवाही गरिने छैन ।

**तपशिल**

| क्र.सं. | कार्यक्रमको नाम | बजेट | लागत साझेदारी प्रतिशत | साझेदार संस्था/आवेदक | कैफियत |
|---|---|---|---|---|---|
| १ | मिल्क एनालाईजर खरिद | ७,५०,०००/- | ५० प्रतिशत | दुग्ध संकलन गर्ने सहकारी | |
| २ | मिल्किङ्ग मेसिन अनुदान कार्यक्रम | २,००,०००/- | ५० प्रतिशत | इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी | |

**आवश्यक कागजातहरु:**

- **मिल्क एनालाईजर खरिदको हकमा**

१) निवेदन, हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पशुपन्छी विकास शाखामा निवेदन दिनुपर्नेछ ।
२) दुग्ध संकलन गर्ने सहकारी ।
३) कृषि सहकारीको हकमा, व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थाईलेखा (PAN)को प्रतिलिप, करचुक्ताको प्रतिलिपि र सहकारीको निर्णय प्रतिलिपि
४) कार्यक्रममा सहभागी हुने सदस्यहरुको नागरिकताको प्रतिलिपी ।
५) सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र ।
६) सम्बन्धित पशु सेवा केन्द्रको सिफारीस पत्र ।
७) प्रस्ताव अनुसारको लागत अनुमान।

- **मिल्किङ्ग मेसिन अनुदान कार्यक्रम**

१) निवेदन, हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पशुपन्छी विकास शाखामा निवेदन दिनुपर्नेछ ।
२) दर्तावाल कृषि तथा पशुपन्छी फार्म/कृषक समूह र कृषि सहकारी ।
३) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिप, स्थाईलेखा (PAN)को प्रतिलिपि, करचुक्ताको प्रतिलिपि र सहकारीको निर्णय प्रतिलिपि
४) कार्यक्रममा सहभागी हुने सदस्यहरुको नागरिकताको प्रतिलिपि ।
५) सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र ।
६) सम्बन्धित पशु सेवा केन्द्रको सिफारीस पत्र ।
७) प्रस्ताव अनुसारको लागत अनुमान ।

**नोट**: विगत ३ वर्ष देखि संघ, प्रदेश र स्थानीय सरकारबाट सम्बन्धित शिर्षकमा अनुदान नलिएको हुनुपर्नेछ र लाभग्राही कृषकले कुनै एउटा अनुदान कार्यक्रममा मात्र आवेदन दिन मिल्नेछ । निवेदन फारम प्राप्त गर्न तथा अन्य कुराहरु बुझ्नु परेमा हेटौंडा उपमहानगरपालिकाको कार्यालय, पशुपन्छी विकास शाखा तथा पायक पर्ने पशु सेवा केन्द्रमा सम्पर्क गर्नु होला ।

**हेटौंडा उपमहानगरपालिका,**
**नगरकार्यपालिकाको कार्यालय, पशुपन्छी विकास शाखा, पशु सेवा केन्द्र, वडा कार्यलय, हेटौंडा**
**सम्पर्क मो. ०५७-५९०१०२,, ९८४५५३८२३२**

साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना